# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०८०
# आरुघाट

**स्थानीय विपद् व्यवस्थापन समिति**
**आरुघाट गाउँपालिका**
**गोरखा**

# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०
# Local Disaster Preparedness and Response Plan 2080




**प्राविधिक सहयोग**
CRS Nepal

**तयार गर्ने**

**दस्तावेज: आरुघाट गाउँपालिका**
**स्थानीय विपद् व्यवस्थापन समिति**
**आरुघाट गाउँपालिका**
**गोरखा**

# मन्तव्य

वर्तमान समयमा जलवायु परिवर्तनको प्रभावले र प्रतिकूल मौसमको कारणले गर्दा सोचेभन्दा छुटै किसिमको प्राकृतिक तथा मानवीय विपत्तिहरु आईरहेका छन् । एक्कासी उत्पन्न हुने यस्ता विपत्तिले जीवनलाई क्षत-विक्षत वनाउन सक्दछ । भूकम्प, पहिरो, वाढी, चट्याङ, आगोलागी, असिना, सुख्खा- खडेरी, भूक्षय, महामारी जस्ता घटनाको पुनरावृत्तिले आरुघाट गाउँपालिकालाई विपद्को लागि संवेदनशील गाउँपालिका मान्न सकिन्छ । एउटै ठाँउ वाढी तथा पहिरोले समस्याग्रस्त हुनसक्छ भन्ने त्यही ठाउँमा पानीको अभावले खडेरीको समस्या आईपर्न सक्दछ ।

शहरीकरण र जनसंख्या वृद्धिले अव्यवस्थित वसोवासको समस्या, सीमान्त र कमजोर क्षेत्रमा गरीवी बढ्नु, भूक्षय, वन जंगल विनाश, जमिनको अवैज्ञानिक उपयोग, कमजोर पूर्वाधार विकास, कमजोर विपद् व्यवस्थापन योजना, प्रकोप नियन्त्रण र वचावट प्रति वेवास्ता लगायत जलवायु परिवर्तन यस्का कारक तत्वहरु रहेका छन् ।

विपद् व्यवस्थापनको लागि विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संसोधन, २०७५) ले केन्द्र देखि प्रदेश, जिल्ला र स्थानीय तहसम्मका विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको छ । यसरी पालिका स्तरको विपद् व्यवस्थापनको लागि पूर्वतयारी, खोज तथा उद्धार गर्ने व्यवस्थाको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० विभिन्न निकायहरुको सकृय सहभागिता र योगदानको फलस्वरुप तयार भएकोछ । विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्य संचालन गर्ने यो योजना सफल हुनेछ भन्ने विश्वास लिएको छु । विशेष गरेर योजना तयारी कार्यमा सहयोग गर्नुभएकोमा सि.आर.एस नेपाल प्रति विशेष आभार व्यक्त गर्दछु ।

विपद्को हिसावले यो गाउँपालिका गोरखा जिल्लाको एउटा संवेदनशील पालिका समेत भएकोले सरकारी तथा गैरसरकारी निकायहरु लगायत राजनितिक दलहरु, उद्योगी, व्यापारी, पत्रकारहरु, नागरिक समाजका व्यक्तिहरुले यस पालिकामा हुने विपत्तिहरुको सामना गर्न तयार रहनुहुन हार्दिक आह्वान गर्दै प्रस्तुत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० को कार्यान्वयनमा सम्वन्धित सवै पक्षहरुको सकृय भूमिकाको अपेक्षा गर्दछु ।

..........................................

**अध्यक्ष**

**जिल्ला विपद् व्यवस्थापन समिति**

**एवम्**

**प्रमुख जिल्ला अधिकारी**

**गोरखा**

# मन्तव्य

जीवनमा एक्कासी विपद्  आई जीउ धनमालको क्षति हुनुका साथै जीवनचक्र नै अस्तव्यस्त पारीदिन्छ। विपद्को घटनापछि भएको क्षतिलाई परिपूर्ति गर्नकालागि अत्यधिक खर्च  र मिहनेत लाग्ने गरेको छ। विपद्मा परेकाहरुको मानसिक अवस्थालाई पूर्ति गर्न वर्षौ लागेतापनि कहिलेकाही सोको नतिजा सन्तोषजनक नभएको पाइएको छ । आरुघाट गाउँपालिकामा सकभर विपद्को जोखिम नै नहोस यदि भइहालेको खण्डमा  त्यसको प्रभावलाई न्यून गर्नका लागि जिल्ला विपद व्यवथापन समितिको अग्रसरता र विभिन्न सरोकारवालाहरुको सक्रियतामा **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, आरुघाट -२०८०** तयार गरी आएका थप सुझावहरुलाई समोवश गरी कार्यान्वयनतर्फ अग्रसरता लिने कुरामा जोड दिएको छ ।

बिपद् परेपछि गरिने खर्चको कयौं गुणा कम रकम विपद्  पूर्वतयारीमा उपयोग गरेमा विपद्को क्षति न्युन गरी ठुलो दुर्घटनाबाट जोगाउन सकिन्छ । आरुघाट गाउँपालिका विपद्को दृष्टिले संवेदनशील भएको हुँदा वर्षेनी विपद्बाट हुने क्षतिलाई न्युन गर्न विपद् प्रभावित वडाहरुमा समुदायमा आधारित विपद् व्यवस्थापन योजना निर्माण गरी सूचीकृत गरिएका कार्यक्रमहरु र रणनीतिहरु कार्यान्वयन तिर उन्मुख हुनपर्ने देखिन्छ । समुदाय, वडा र पालिका देखि जिल्ला स्तरमा विपद् व्यवस्थापन पूर्वतयारी योजना बनाई लागू गरिएको खण्डमा अतिनै महत्वपूर्ण हुनेछ । संकटमा परेका व्यक्ति/समुदायहरुबाट स्वतःस्फुर्त योजना बनाई लागूभएको योजनाको प्रभावकारिता, दिगोपन र अपनत्व रहने कुरामा हामी एकमत नै हुनेछौं ।

भविष्यमा पालिकामा हुने सभांवित विपद्लाई मध्येनजर गरी बनाइएको यस योजनामा वडा देखि र गाउँपालिका स्तरसम्मका भौतिक पूर्वाधार, आन्तरिक र बाह्य क्षमता, यातायात, सडक, स्वास्थ्य, खानेपानी, शिक्षा, सूचना कक्ष र भण्डारणको स्थापना देखि चौविसै घण्टा सामग्री सहित तयार रहेका नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी लगायत विभिन्न संघ संस्थामा आवद्ध तालिमप्राप्त दक्ष जनशक्ति (स्वंयसेवक)हरुको लेखाजोखा गरी  समयानुकूल प्रयोगमा ल्याउन  सकिन्छ। पूर्वतयारीका लागि आवश्यक श्रोत र साधन आन्तरिक र दातृ निकायहरुसंग जुटाउने कार्यको प्रारम्भ भएको छ भने थप उर्जा प्राप्त गर्न नियमित तथा आकस्मिक बैठक बस्ने गरेकोमा यसलाई व्यवस्थित र निरन्तरता प्रदान गर्ने लक्ष्य रहेको छ ।

वर्तमान समयमा विश्व नै शहरीकरणतिर उन्मुख भैरहेको अवस्थामा यस गाउँपालिका पनि यस समस्याबाट दिनानुदिन ग्रसित हुँदैआएको छ । विभिन्न समुदायबाट स्थानान्तरण  भै आएका व्यक्ति/समुदायको आ-आफ्नै ढंगको रितिरिवाज, रहनसहन र वानी व्यवहोरा हुनेगरेको हुन्छ । गाउँपालिकाद्वारा बनाइएका योजनाहरुलाई कार्यान्वयन गर्न कठिनाई हुने गरेकोमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले सहयोगीको भूमिका निर्वाह गर्नेमा हामी विश्वस्त छौ ।

राजु गुरुङ<br>
**अध्यक्ष**<br>
**स्थानीय विपद् व्यवस्थापन समिति**<br>
**आरुघाट गाउँपालिका**<br>
**गोरखा**

## शब्दसंक्षेप

| | |
|---|---|
| गापा | गाउँपालिका |
| नपा | नगरपालिका |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जिसस | जिल्ला समन्वय समिति |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिवका | जिल्ला वन कार्यालय |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिप्राका | जिल्ला प्राविधिक कार्यालय |
| जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय |
| जिभूका | जिल्ला भूसंरक्षण कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| ने का | नेपाली काँग्रेस |
| नेकपा एमाले | नेपाल कम्यूनिष्ट पार्टी ( एकिकृत मार्क्सवादी लेनीनवादी) |
| नेकपा माओवादी | नेपाल कम्यूनिष्ट पार्टी ( माओवादी केन्द्र) |
| जसपा | जनता समाजवादी पार्टी |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| मविवाअ | महिला विकास तथा बालबालिका अधिकृत |
| मविवाका | महिला विकास तथा बालवालिका कार्यालय |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| सप्रजिअ | सहायक प्रमुख जिल्ला अधिकारी |
| स्था.वि.व्य.स. | स्थानीय विपद् व्यवस्थापन समिति |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| DCC | District Coordination Committee |
| DDMC | District Disaster Management Committee |
| DEOC | District Emergency Operation Center |
| DTO | District Technical Office |
| DPHO | District Public Health Office |
| FCHV | Female Community Health Volunteer |
| GBV | Gender Based Violence |
| HEOC | Health Emergency Operation Center |
| H/N | Health and Nutrition |
| HW | Health Worker |
| LEOC | Local Emergency Operation Center |
| MIRA | Multi Sectoral Initial Rapid Assessment |
| NEOC | National Emergency Operation Center |
| NFI | Non-Food Items |
| NGO | Non-Governmental Organization |
| NRCS | Nepal RedCross Society |
| PCVA | Participatory Capacity and Vulnearability Assessment |
| RRT | Rapid Response Team |
| TLC | Temporary Learning Center |
| WASH | Water Supply, Sanitation and Health Promotion |

# विषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद १** | **पृष्ठभूमि** | |
| **१.१** | आरुघाट गाउँपालिकाको परिचय | |
| **१.२** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि | |
| **१.३** | आरुघाट गाउँपालिकाको विपद्को संक्षिप्त स्थिती | |
| **१.४** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य | |
| **परिच्छेद २** | **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य** | |
| **२.१** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा | |
| **२.२** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु | |
| **२.३** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया | |
| **परिच्छेद ३** | **आरुघाट गाउँपालिकामा विपद् जोखिमको अवस्था** | |
| **३.१** | विगतका विपद्हरुको विश्लेषण | |
| **३.२** | कानुनी नीतिगत तथा संस्थागत व्यवस्था | |
| **३.३** | प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु | |
| **३.४** | सम्भाव्य प्रकोपको आंकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शांकन | |
| **३.५** | विपद् संकटासन्नता तथा क्षमता विश्लेषण | |
| **३.६** | विपद् जोखिम आंकलन तथा नक्शांकन | |
| **३.७** | प्रकोप पूर्वानुमान तथा पूर्वसुचना प्रणाली विश्लेषण | |
| **३.८** | सरोकारवाला संस्थाहरु | |
| **३.९** | विषयगत क्षेत्रहरु | |
| **३.९.१** | विषयगत क्षेत्रको भुमिका तथा जिम्मेवारीहरु | |
| **३.९.२** | विषयगत क्षेत्र समितिहरुको नामावली | |
| **३.९.२.१** | खोज तथा उद्धार,पूर्वसुचना र समन्वय विषयगत क्षेत्र | |
| **३.९.२.२** | आपतकालीन आवास तथा गैरखाद्य बिषयगत क्षेत्र | |
| **३.९.२.३** | कृषि तथा खाद्य बिषयगत क्षेत्र | |
| **३.९.२.४** | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र | |
| **३.९.२.५** | संरक्षण विषयगत क्षेत्र | |
| **३.९.२.६** | शिक्षा विषयगत क्षेत्र | |
| **३.९.२.७** | राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | |
| **परिच्छेद ४** | | |
| **४.१** | सामान्य पूर्वतयारी योजना | |
| **परिच्छेद ५** | **पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** | |
| **५.१** | दश दिनको (१० दिन) पूर्वानुमानमा शुरु हुने पूर्वतयारी तथा प्रारम्भिक कार्य | |
| **५.२** | तिन दिनको (३ दिन) पूर्वानुमानमा शुरु हुने पूर्वतयारी तथा प्रारम्भिक कार्य | |
| **५.३** | एक दिनको (१ दिन) पूर्वानुमानमा शुरु हुने पूर्वतयारी तथा प्रारम्भिक कार्य | |
| **परिच्छेदः ६** | **आपतकालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)** | |
| **६.१** | समग्र विपद् जोखिमको सन्दर्भमा | |
| **६.२** | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | |
| **६.३** | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र | |
| **६.४** | संरक्षण विषयगत क्षेत्र | |
| **६.५** | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | |

| | | |
|---|---|---|
| ६.६ | शिक्षा विषयगत क्षेत्र | |
| ६.७ | खाद्य तथा कृषि विषयगत क्षेत्र | |
| ६.८ | राहत, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगतक्षेत्र | |
| **परिच्छेद ७** | **आवश्यकताको लेखाजोखा** | |
| ७.१ | विषयगत स्रोत साधनको आँकलन | |
| ७.२ | अनुमानित लागत | |
| ७.३ | आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र | |
| **परिच्छेद ८** | **अन्य निकायहरुसगँको समन्वय र सहकार्य** | |
| | | |
| **परिच्छेद ९** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | |
| **परिच्छेद १०** | **अनुगमन, मुल्याङ्कन तथा सिकाई योजना** | |
| र१०.१ | लक्ष्य र सूचकहरू | |
| १०.२ | अनुगमन, मुल्याङ्कन तथा सिकाइ | |
| १०.३ | विपद् पूर्वतयारी योजना तथा प्रतिकार्य योजनाको पुनरावलोकन तथा अद्यावधिक | |
| | **अनुसूचिहरु** | |
| **अनुसूचि - १** | आरुघाट गाउँपालिकाको निर्वाचित जनप्रतिनिधिहरुको विवरण | |
| **अनुसूचि - २** | आरुघाट गाउँपालिकाका कार्यालय प्रमुखहरु | |
| **अनुसूचि - ३** | आरुघाट गाउँपालिकाको सरोकारवाला निकायहरुको विवरण | |
| **अनुसूचि - ४** | DPRP निर्माणका लागि पालिकास्तरीय प्रथम बैठकमा उपस्थितहरुको नामावली | |
| **अनुसूचि - ५** | कार्यशालामा सहभागीहरुको विवरण | |
| **अनुसूचि - ६** | विषयगत सदस्य संस्थाको कार्यशर्त (नमूना) | |
| **अनुसूचि - ७** | अगुवा सहयोगी संस्थाको कार्यशर्त (नमूना) | |
| **अनुसूचि - ८** | गाउँपालिकामा कार्यरत गैससहरुको विवरण | |
| **अनुसूचि - ९** | आरुघाट गाउँपालिकामा कार्यरत सञ्चारकर्मीको विवरण | |
| **अनुसूचि - १०** | आधारभूत प्राथमिक उपचार तालिमप्राप्त जनशक्तिको विवरण | |
| **अनुसूचि - ११** | गाउँपालिकामा रहेका विघालयहरुको वस्तुगत विवरण | |
| **अनुसूचि - १२** | दमकल सेवाको सूची | |
| **अनुसूचि - १३** | एम्वुलेन्स सेवाको सूची | |
| **अनुसूचि - १४** | गाउँपालिकामा संचालित यातयात समितिहरु | |
| **अनुसूचि - १५** | अनुगमन, मुल्याङ्कन तथा सिकाई नमूना फाराम | |
| **अनुसूचि - १६** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका | |
| **अनुसूचि - १७** | स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र कार्यसंचालन कार्यविधि (नमुना) | |
| **अनुसूचि - १८** | स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि (नमुना) | |

# परिच्छेद १

# पृष्ठभूमि

## १.१ आरुघाट गाउँपालिकाको परिचय

आरुघाट गाउँपालिका गण्डकी प्रदेशमा पर्ने गोरखा जिल्लामा अवस्थित एक रमणीय गाउँपालिका हो । आरुघाट गाउँपालिका गोरखा जिल्लाको ६० वटा गा.वि.स.हरु मध्ये साविकका ५ वटा गा.वि.स.हरु आरुचनौटे, आरुपोखरी, आरुअर्बाङ्ग, मान्बु र थुमी मिलेर स्थापना भएको गाउँपालिका हो । यस गाउँपालिका भौगोलिक रुपमा मध्यपहाडी क्षेत्रदेखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको छ साथै जैविक विविधताको धनी र पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको छ ।

यो गाउँपालिका समुद्री सतहबाट ५८५ मिटर देखि १३८८ मिटर उचाईमा अवस्थित छ तथा २८ डिग्री ३ मिनेट ५० सेकेण्ड उत्तर देखि २८ डिग्री ८ मिनेट ४८ सेकेण्ड अक्षांश र ८४ डिग्री ४९ मिनेट ४० सेकेण्ड पूर्व देखि ८४ डिग्री ५३ मिनेट ३४ सेकेण्ड देशान्तरमा फैलिएको छ साथै १६०.७९ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । यस गाउँपालिकामा उष्ण, समशितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाईन्छ । यस गाउँपालिकाको पूर्वमा धादिङ जिल्ला, पश्चिममा सुलिकोट गाउँपालिका, उत्तरमा धार्चे गाउँपालिका र दक्षिणमा भिमसेन गाउँपालिका पर्दछन् । प्रशासनिक तथा राजनीतिक दृष्टिले यस गाउँपालिकालाई १० वटा वडामा विभाजन गर्नुका साथै निर्वाचन क्षेत्र नं. १, प्रदेशसभाको लागि निर्वाचन क्षेत्र २ र गण्डकी प्रदेश अन्तर्गत राखिएको छ ।

आरुघाट गाउँपालिका भित्र रहेका प्रमुख गाँउ/बस्तीहरुको नाम र साबिकको गा.वि.स र वडा

| हालको वडा नं. | साबिकको गा.वि.स | साबिकको वडा नं. | गाँउ/बस्तीहरुको नाम |
|---|---|---|---|
| १. | मान्बु | ५-९ | धोरता, धोर्चेत, डङचेत, श्यामचेत, माझगाउँ, चैतु, उर्खुम, कुइगाउँ, कोमराङ्ग, तोप्चेत, स्व्प्चेत |
| २. | मान्बु | १-४ | छाप, ठोट्नेरी, मान्वु, थल्चोकबेशी, दोरंगटोल, डाडाटोल, दर्चले, कटुन्जे, घाम्लीङ्ग |
| ३. | थुमी | ४,६,८ | स्यामराङ्ग, स्वाँरागाउँ, नेबोटपोखरी, भलाक, सोती, देउराली, बदेलगुड, अर्मला, धुङ्गेथलो, केवरपानी, थापागाउँ, स्वाँरागाउँ |
| ४. | थुमी | १,२,३,५,९ | बाँसपुर, धारापानी, चीन्खोप, मालस्वाँरा, ढाडखर्क, बेसीगाउँ, बरामगाउँ, बुधेगरा, जामुने, आर्खे, ढोडेनी, कोखेटार |
| ५. | आरुआर्वाङ | ५,७,८,९ | सीमरा, अल्केटार, भल्छोपे, शान्तिबजार, वयाक, सीमल्चौर, ढाडस्वारा, आर्वाङ्ग, देवीथान, तोरीस्वारा, सानोपाखुरे, ठुलोपाखुरे, जेल्वुङ्ग,भोगटेनी |

| | | | |
|---|---|---|---|
| ६. | आरुआर्वाङ | १,४,५,६ | बरामगाउ, अलैचे, नेवारगाउ, कल्लेरी, सिम्ला, नागताल, ढाटस्वाँरा, आप्रीक |
| ७. | आरुपोखरी | १,२,५,९ | पहरे, लाकुरे, आरुवोटे, खुलालगाउँ, चेप्राक, आलेगाउ, काफ्लेगाउ, सीस्नेरी, सातदोवाटे, पिपलगाउ, बाहुनगाउँ, बानियागाउँ, कुडुले, मनकामनाडाडा, भैसीपोखरी, पप्लि |
| ८. | आरुपोखरी | ३,४,६,७,८ | आरुपोखरी, पिप्ले, पिपलडाडा, घ्यापीन्थोक, रानीश्वाँरा, रातमाटे, भद्वार, बेशीगाउँ, डाडागाउँ, इजारा, ढकालगाउँ, लामागाउ, सुनारगाउँ, ढाडागाउँ, कौछिनी, आहाले, लामबगर |
| ९. | आरुचनौटे | १-३ | तल्लोबजार, बिचबजार, बगैचा, सुन्दरबस्ती, चापानी, बाहुनगाउ, आरुटार, फिल्महलटोल |
| १०. | आरुचनौटे | ४-९ | मंगलटार, चनौटे, सिमारा, खत्रिस्वाँरा, पैका, डाडागाउँ, भण्डारीगाउँ |

राष्ट्रिय जनगणना, २०७८ अनुसार, यहाँ जम्मा ५९५० घरधुरीमा कुल २१,८७६जनसंख्या बसोबास गर्दछन् । जसमध्ये पुरुष जनसंख्या १०४०९ र महिला जनसंख्या ११,४६७ रहेका छन् । औसत परिवार संख्या ३.६७ एवं लैंगिक अनुपात ९०.७७ साथै जनघनत्व १३६.०५ प्रति वर्ग कि.मि. रहेको छ । जातीयताको आधारमा, यस गाउँपालिकामा सबैभन्दा धेरै जनसंख्या गुरुङ्ग समुदायको पाइन्छ । यसैगरी क्षेत्री, ब्राह्मण, मगर, कामी, नेवार, दमाई, तामाङ, सार्की, ठकुरी, मुसलवान तथा अन्य जातजातीको पनि उल्लेख्य बसोबास देखिन्छ ।

कडा चट्टानी भुभाग रहेको तल्लो हिमाली क्षेत्रको कारण गाउँपालिकाको भौगोलिक अवस्था कठिन रहेको छ । ग्रामिण सडक संजाल प्राय सबै वडाहरुमा पुगेको भएता पनि ती सडकहरु मौसमी अनुकुलतामा निर्भर रहेका छन् । यस क्षेत्रको औषत वार्षिक वर्षा २६८६ मि.मि. रहेको छ भने औषत वार्षिक तापक्रम २३ डिग्री सेल्सियस रहेको छ । यहाँ बग्ने प्रमुख नदीहरुमा बुढीगण्डकी, मोदीखोला, आर्खेत खोला, थाटिकखोला, स्तुलखोला, रस्चेतखोला, सोतीखोला रहेका छन् ।

यस गाउँपालिकामा दलहन जन्य खेति, धान, कोदो, मकै, गहुँ, आलु, तेलहन वाली, मौसमी तथा वेमौसमी तरकारी वाली, फलफूलहरु राम्रो उत्पादन भएको पाइन्छ भने साना देखि ठूला व्यापार व्यावसायहरु र पर्यटन व्यवसाय पनि राम्रो अवस्थामा रहेको छ । यातायात सुविधाको दृष्टिकोणले गाउँपालिका केन्द्रसम्म १२ महिना र अन्य वडाहरुमा कच्चि धुले सडकहरु मौसमी रुपमा मात्र सञ्चालनमा रहेको देखिन्छ ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरु मध्ये एक हो । विश्वका १९५मुलुकमध्ये नेपाल भूकम्प जोखिमका दृष्टिले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेष गरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना,

असिना, हिमपहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रति वर्ष विभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेको छ ।

कमजोर भू-बनोट, जटिल भूगर्भिय संरचनाका, बदलिदो जलवायु अवस्था, बढ्दो शहरीकरण, जनसंख्या बृद्धि तथा मानवीय हेलचेक्राई र असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जान सक्ने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदैं छ । यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । यी उदाहरण मात्र नभएर यथार्थ र वास्तविक पनि हुन । यसको अर्थ अब सबै हाम्रो काबु भन्दा बाहिर गैसकेकै हो त भन्ने प्रश्न उठ्न सक्छ तर हामीले सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौ भने विपद्लाई पनि क्रमिक रुपले हाम्रो नियन्त्रणमा लिन सक्नेछौ त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीय स्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघसंस्थाहरु, स्थानीय तहमा रहेर काम गर्ने निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य भयो भने हाम्रो विपद् जोखिम न्यूनीकरण गरी उत्थानशीलता बढाउन सक्छौं ।

नेपालको संविधान २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सन्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण नीति एवम् रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानुनी दस्तावेजको आधार र विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचाको मर्मलाई आत्मसात गर्दै स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई संस्थागत गर्ने र समुदायस्तरबाट नै विपद् उत्थानशीलता बृद्धि गर्न बान्छनीय भएको हुनाले नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६) बमोजिम तयार गरेको यस योजनाले भविष्यमा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा नयाँ फड्को मार्ने अपेक्षा गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (नं.) ले गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

वि.सं २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रादुर्भाव भयो । केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए । जसअनुरुप केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण व्यवस्थापन राष्ट्रिय परिषद् गठन भएको छ, गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन

कार्यकारी समितिको निर्माण भएको छ। त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् निर्माण गरिएको छ । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तहमा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा तथा नगरपालिकाको मेयरको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ । सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन, नियम कानुनहरु निमार्ण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही गोरखा जिल्लाको आरुघाट गाउँपालिकाले विभिन्न सरकारी निकाय, गैरसरकारी क्षेत्र, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा समर्पित संघसंस्थाहरु समेतको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० निर्माण गरेको छ ।

## १.३ आरुघाट गाउँपालिकाको विपद्को संक्षिप्त स्थिती

आरुघाट गाउँपालिकाको विपद्को स्थिती विष्लेषण गर्दा यस गाउँपालिकाको भौगोलिक अवस्थिती धेरै जसो पहाडी भिरालो त कतै कतै बस्ती परेको खेतियोग्य र वस्तियोग्य जमिन रहेको छ । यस गाउँपालिका भित्र सानातिना खोल्सा खाल्सी, खोलाहरु रहेका छन् भने बुढी गण्डकी नदी यस गाउँपालिका र धादिङको सिमा भएर बग्दछ । यस गाउँपालिमा प्राकृतिक र गैरप्राकृतिक बहुप्रकोपका कारण बिगतका वर्षहरुमा धेरै जनधनको क्षति भएको देखिएको छ । विषेशगरी २०७२ सालको भूकम्पले यस गाउँपालिका भित्रका सबैजसो घर, विद्यालय र अन्य भौतिक संरचनाहरु भत्किएर नष्ट भएको र धेरै मानिसहरु र पशु चौपायहरुको मृत्यु भएको थियो । त्यस्तैगरी विगत वर्षहरुमा बुढी गण्डकी र सानातिना खोलामा आउने बाढी र पहिरोले धेरै बस्तीहरुमा क्षति पुर्‍याएको पाईएको छ । यसका अलावा चट्याङ, आगलागी, हावहुरी आदिबाट मानवीय तथा भौतीक क्षति हुने गरेको छ । यस बाहेक पछिल्लो समयमा जलवायु परिवर्तन र यसका असरहरुले समुदायको आयश्रोतको प्रमुख माध्यम कृषिमा नकारात्मक असर पर्न थालेको पूर्व संकेतहरु देखा पर्न थालेका छन् ।

यस गाउँपालिकाको भौर्गभिक स्थिति तथा ऐतिहासिक समयरेखालाई हेर्दा भूकम्प, पहिरो र भल बाढी प्रमुख प्रकोपको रुपमा देखिन्छन भने वन्यजन्तु आंतक, चटयाङ, हावाहुरी, आगलागी, असिना तथा रोगकिरा जस्ता प्रकोपका घटनाहरु पनि बढ्दै गएको देखिन्छ । गाउँपालिका भित्र पहिरोका कारण धेरै वस्तीहरुमा खानेपानीका मुहानहरु बगाएको र पुरेका कारण खानेपानी सुविधा अवरुद्ध हुन पुगेको छ। त्यसका अतिरिक्त स्थानीय गोरेटो, घोडेटो तथा मोटर बाटोमा क्षति पुगेको कारण हरेक वर्ष स्थानीय घाँसदाउरा देखि आधारभूत काममा अवरोध हुने गरेको छ । गाँउपालिका कतिपय ठाउँहरु भौगोलिक रुपले उच्चस्थानमा रहेको हुनाले हरेक वर्ष हिउँदको समयमा हिमपात हुने अर्को प्रकोपका रुपमा रहेको छ। त्यसैगरी गाउँपालिकाका सबै बस्तीहरुमा वर्षेनि आउने असिनाका कारण पनि धेरै बालीनाली क्षति हुने गरेको छ। हरेक वर्ष लाग्ने वन डढेलोको कारण जैविक विविधता नष्ट भएको र वर्षेनि पर्ने हिमपातका कारण हिउदे बालीमा समेत असर पर्ने गरेको देखिन्छ ।

यस गाउँपालिका क्षेत्रमा पहिरोको जाखिमयुक्त क्षेत्रहरुमा वडा नं. १ को स्याम्चेतमा १५० घरधुरी, धोरतमा ४५ घरधुरी, वडा नं. २ ठोट्नेरी चापागाउँमा ३८ र पात्लेमा ५६ घरधुरी, वडा नं. ३ को बदेलगुड १५ घरधुरी, वडा नं. ४ को चिनीखोपमा १६ घरधुरी, वडा नं ५ को अलकाटार क्षेत्र र वडा नं. ६ को पाखुरेमा ६० घरधुरी जोखिममा रहेका छन् ।

यस गाउँपालिकामा विपद् व्यवस्थापनको लागि गाउँपालिका स्तरीय संरचना निर्माण भएको भएता पनि नियमित छलफल र बैठक बस्न नसक्नाले पनि विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन हुन सकेको छैन । गाउँपालिकाको संस्थागत क्षमता अनुसार विपद्को अवस्थामा आपतकालीन उद्धार तथा पुनर्स्थापनाको लागि कार्ययोजना हालसम्म तयार हुन नसकेको, आपतकालीन खोज उद्धार र प्राथमिक उपचारका सामग्रीहरुको व्यवस्थापन हुन नसकेको कारणले जुनसुकै समयमा उत्पन्न हुन सक्ने विपत् सामना क्षमता कमजोर रहेको देखिन्छ । यस बाहेक गाउँपालिका

भित्र कृयाशिल गैरसरकारी संस्थाहरुको संख्या नगन्य मात्रामा रहेका र बिगत अभ्यासका आधारमा वडास्तरमा विपद् जोखिम न्यूनीकरणको लागि तालिमहरुको व्यस्थापन र सञ्चालन हुन नसकेका कारण स्थानीयमा विपद् जोखिम न्युनीकरण सम्बन्धी ज्ञानको अभाव रहेको छ। हालसम्म सम्पूर्णवडास्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन हुन नसकेको र गठन भएता पनि अपेक्षित रुपमा काम हुन नसकेको कारण वडास्तरमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका गतिविधिहरु अवरुद्ध भएको देखिन्छ ।

## १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ। यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ। तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । यो योजना विपद् पश्चात् संचालन गरिने आपतकालीन प्रतिकार्यका गतिविधिहरूलाई सुचारु गर्नका लागि निर्माण गरिएको छ। यो कार्ययोजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ।
यो कार्ययोजनाले

- मानवीय सहायता एवम् विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा संलग्न निकाय तथा उपलब्ध साधन श्रोतको पहिचानमा सहयोग गर्दछ ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- खोज, उद्धार, राहत र पुर्वतयारीका कार्यहरुमा प्रभावित समुदायको समान पहुँचको सुनिश्चितता प्रदान गर्छ ।
- स्थानीय श्रोत साधन र प्रविधिको पहिचानमा सहयोग प्रदान गर्दछ ।
- उद्धार तथा राहत जस्ता कार्यमा प्रभावित समुदायको समान प्रत्याभूति गर्दछ ।
- आपतकालीन समयमा सूचना र जानकारीलाई व्यवस्थित गर्न सहयोग गर्दछ ।
- आरुघाट गाउँपालिकाको विपद् जोखिमको अवस्था अध्ययन गर्ने खोजकर्ताहरुको लागि श्रोत सामग्री बन्दछ ।

# परिच्छेद २

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य

विपद् पूर्वको पुर्वतयारी तथा विपद्को समयमा प्रभावितहरुको जनधन र सम्पत्तीको सुरक्षा र संरक्षण गरी मानवमाथि पर्ने नकारात्मक प्रभावको सामना गर्न स्थानीय श्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई प्रभावकारी रुपले मानवीय सहयोग प्रदान गर्नु र रोकथाम, न्यूनिकरण, पूर्वतयारी र पूर्वसुचनाका विधि र पद्धतिहरुलाई जवाफदेहीपूर्ण ढंगले कार्यान्वयन गरी उत्थानशील गाउँपालिका निर्माण गर्नु यस योजनाको उद्धेश्य रहेको छ । यस योजनाका विशिष्ट उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

१. विपद् पूर्वतयारीका कृयाकलापहरुलाई प्राथमिकतामा राखी उद्धार तथा राहतमा हुने अधिक खर्च कम गर्नु ।
२. आपतकालीन अवस्थामा प्रभावित व्यक्ति तथा समुदायलाई तत्काल मानवीय सहयोग उपलब्ध गराउनु ।
३. विपद् पूर्वतयारी र प्रतिकार्यका लागि अधिकतम रुपमा स्थानीय साधन श्रोतको उपयोग गर्नु ।
४. स्थानीय तहमा जोखिम न्यूनिकरणका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन गर्नु ।
५. विपद् व्यवस्थापनमा सरोकारवाला निकाय तथा संघसंस्थाहरुबाट मानवीय सहायता तथा आर्थिक स्रोत नक्सांकन गरी परिचालनमा समन्वय गर्नु ।

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा

विपद् व्यवस्थापनका विभिन्न चरणहरु मध्य विपद् पूर्वतयारीका माध्यमबाट विपद् जोखिम न्यूनीकरणका प्रारम्भिक कार्यहरु, विपद्को समयमा गरिने आपतकालीन प्रतिकार्यहरु र प्रतिकार्यका लागि पूर्वतयारीका कार्यहरु र आपतकालीन पुनर्लाभका कार्य गरिने हुनाले यस योजनाबाट विपद् प्रभावितहरुको मानव अधिकारको रक्षा, जनधनको क्षति न्यूनीकरण, जीविकोपार्जनमा सहयोग तथा पूर्वतयारी तथा प्रतिकार्यमा सबैको समान सहभगिता सुनिश्चित गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणलाई व्यवस्थित र प्रभावकारी रुपले एकसाथ लाने अपेक्षा राख्न सकिन्छ । यसका अतिरिक्त यस योजनाका अपेक्षित नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ ।
१. विपद्पूर्व गरिने पूर्वतयारीका क्रियाकलापहरुको सुनिश्चितता हुनेछन् ।
२. आपतकालीन समयमा विपद् प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित र प्रभावकारी रुपले कार्यान्यवयन हनेछन्
३. प्रतिकार्यका क्रियाकलापहरुमा विपद् प्रभावितहरुको प्रत्यक्ष पहुँच सुनिश्चित हुनेछ ।
४. विपद् प्रभावितहरुमा आ-आफ्नो अधिकार तथा कर्तव्यबोध सुनिश्चित हुनेछ ।
५. विषय क्षेत्रगत रुपमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन हुने भएको हुनाले मानवीय सहयोग प्रभावकारी व्यवस्थित र पारदर्शी हुनुका साथै सेवाप्रदायक निकायमा जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुने अपेक्षा राख्न सकिन्छ ।
६. सकारात्मक विभेदको नीति मार्फत प्रभावकारी विपद् पूर्वतयारी तथा विपद् प्रतिकार्य गरिनेछ ।

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु

प्रस्तुत योजनाले प्राप्त गर्न खोजेका नतिजाहरुलाई बुँदागत रुपमा देहायअनुसार उल्लेख गरिएको छः
१. पालिका क्षेत्रमा रहेका सम्भावित जोखिमहरू, सकंटासन्नता, अवस्थित स्थानीय स्रोतहरू र समुदायको क्षमताहरूको पहिचान, नक्सांकन र विश्लेषण ।
२. विपद् जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्दै विपद् जोखिम न्यूनिकरण प्रतिरोधी क्रियाकलापहरुलाई मुलप्रवाहीकरण तथा कार्यन्वयन गर्दै विपद् उत्थानशील समुदायको निर्माण ।

३. स्थानीय संध संस्था तथा सम्बन्धित सरोकारवालाहरू बीच समन्वय र सहयोगको लागि भूमिका र जिम्मेवारी निर्धारण ।
४. विपद् जोखिम व्यवस्थापन कार्यमा संस्थागत सुद्धिढीकरण तथा स्थानीय तहमा आवधिक तथा वार्षिक विकास गतिविधिमा मूलप्रवाहीकरण ।
५. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्थानीय तहको क्षमता ( पूर्वसुचना प्रणाली, खोज तथा उद्धार, सुरक्षित आश्रयस्थल वा क्याम्प व्यवस्थापन, खाद्यसामग्री र गैरखाद्य सामग्रीको भण्डारण) सबलिकरण तथा सशत्तिकरण ।
६. जोखिम सञ्चार माध्यमको सुदृढीकरण ।

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया




माथि उल्लेखित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा प्रेषित नमूनालाई आत्मसाथ गर्दै आरुघाट गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुमा गर्नको लागि २०७७ मंसिर १५ गते गाउँपालिकामा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन सम्पर्क व्यक्तिसँग बैठक बसी परिचयात्मक गोष्ठीको मिति तय भयो । परिचयात्मक गोष्ठिमा सबै सरोकारवालाहरुको उपस्थितिमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका विधि र प्रकृयाको बारेमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा व्यवस्था गरे अनुरुप स्थानीय आवश्यकता अनुसारका विभिन्न ७ वटा विषयगत क्षेत्रहरुको निर्माण, जिम्मेवारी बाँडफाँड र विषयगत अगुवा र सदस्यहरुको सूचि तयार गर्नुका साथै संयुक्त परामर्श कार्यशालाको तिथि र कार्यतालिका तय गरियो । सोही कार्यतालिकाको आधारमा २०७९ साल चैत्र १४ गते संयुक्त कार्यशालाबाट थप सूचनाहरु

संकलन गर्नुका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरु, उद्योग बाणिज्य संघ, स्थानीय सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु, आरुघाट गाउँपालिका लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा कार्यशाला सम्पन्न भयो । कार्यशालाबाट प्राप्त सूचना र योजनाका आधारमा योजना मस्यौदा तयार गरी पुनः त्यसको प्रमाणिकरणका लागि गाउँपालिकामा विषय क्षेत्रगत निकायसँग पुनः छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा आरुघाट गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरिएको छ ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

- प्रस्तुत योजना आरुघाट गाउँपालिकासँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन यसै गाउँपालिकामा सीमित हुनेछ ।
- प्रस्तुत योजना स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ ।
- प्रस्तुत योजना आरुघाट गाउँपालिका कार्यपालिकाको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ ।
- यो योजना विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापमा मात्र सीमित भएकोले अन्य प्रयोजनमा प्रयोगमा आउने छैन ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु

### (क) सामान्य पूर्वतयारी

यस अन्तर्गत सम्बन्धित कामहरूमा विपद्का घटना घट्नु भन्दा पहिले गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्ने जोखिम न्यूनीकरणका क्रियाकलापहरु, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, सीप विकास, क्षमता विकास, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश गरिएको छ । यी सबै क्षमता र तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितीमा प्रतिकार्यका गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो । सामान्य पूर्वतयारीका कार्यहरुलाई विपद् हुनुभन्दा पहिलेदेखि नै निरन्तर रुपले सञ्चालन गर्न सकियो भने त्यसबाट उत्पन्न हुने क्षतिलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिका क्षेत्रमा वर्षभरी उत्पन्न हुने मौसमी प्रकोप र त्यसले निम्त्याउने विपद्लाई लक्षित गरी हरेक महिना पूर्वतयारीका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ । हरेक प्रकोप पूर्व गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापहरु पनि फरक फरक हुने गर्दछन् । सामान्य पूर्वतयारीका क्रियाकलाप गर्दा प्रकोपको सम्मुखता हेरेर त्यसबाट सुरक्षित हुने उपायहरुको अवलम्बन गरिहाल्नु उपयुक्त हुन्छ । असार देखि असोजसम्म बाढी पहिरोको जोखिम हुन्छ । यस्ता प्रकोपको जोखिम न्यूनीकरणका लागि फागुन देखि जेष्ठसम्म पूर्वतयारीका कार्यहरु व्यवस्थित रुपले गर्नुपर्दछ । खोला र नदी तटीय क्षेत्रमा छेकबाँध लगाउने, तार जालीको व्यवस्थापन गरी ग्याबियन पर्खाल लगाउने, स्परहरुको निर्माण गर्ने, टेवा पर्खाल, फेदी पर्खाल लगाई जैविक प्रविधि विस्तार गर्ने जस्ता कार्यहरु पूर्वतयारीकै सन्दर्भमा पर्दछन् । त्यसैगरी आपतकालीन समयमा खोज उद्धारमा संलग्न हुने मानव संसाधनको विकास गर्ने, विभिन्न कार्यदलहरुको गठन र उनीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने, पूर्वसूचना प्रणालीको सञ्चालन र विस्तार गर्ने, आपतकालीन सेवा प्रदायक संघ संस्थाहरुसँग नियमित समन्वय गरी त्यस्ता संस्थाहरुको सम्पर्क अद्यावधिक गरिरहने जस्ता कार्यहरु पर्दछन् । त्यसैगरी आपतकालीन राहत व्यवस्थापन, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने, आपतकालीन खोज उद्धारका सामग्रीहरुको व्यवस्थापन र भण्डारण गरी नियमित अद्यावधिक गर्ने जस्ता पूर्वतयारीका क्रियाकलापहरु नियमित रुपले सञ्चालन गर्नुपर्दछ। त्यसैगरी गाउँपालिकाको विपद् पूर्वतयारी योजना अनुरुप नियमित रुपमा नमुना अभ्यास सञ्चालन गर्ने, खानेपानीका श्रोतहरुको संरक्षण, अनुगमन तथा नीति, कानुन, ऐन, योजना, रणनीति तथा कार्ययोजनाहरुको निर्माण र अद्यावधिक गर्ने र कार्यान्वयन गर्ने जस्ता क्रियाकलापहरु पनि सामान्य पूर्वतयारीका क्रियाकलाप अन्तर्गत पर्दछन् ।

### (ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गर्नुपर्दछ । सोही पूर्वानुमान र उपलब्ध अग्रिम समय (lead time) को आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु अत्यावश्यक हुन्छ । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका कृयाकलाप हुन सक्नेछन् । पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी भित्र प्रकोपको प्रकृति अनुसार अलग ढंगले पूर्वतयारी गर्नुपर्दछ । हावाहुरीको जोखिम भएको क्षेत्रका कच्ची घरहरुको अवस्था विश्लेषण गरी छानो कस्ने देखि बाढीको पूर्वसूचनाका आधारमा जोखिमपूर्ण वस्तीहरुको सुरक्षित स्थानान्तरण गर्ने, पहिरो ग्रस्त क्षेत्रका मानिसहरुलाई वर्षातको सुचना सँगै सतर्क गराई आवश्यक परे स्थानान्तरण गर्ने सम्मका क्रियाकलापहरु यस प्रकारको पूर्व तयारीमा पर्दछन् । उदाहरणको लागि पालिकाको नदी तटीय क्षेत्रमा बसोबास गर्ने परिवारहरुको जोखिमको अवस्था हेरी जल तथा मौसम विज्ञान विभागको सुचनाको आधारमा सर्तकता बढाउँने र आवश्यकता परेमा पूर्वनिर्धारित सुरक्षित स्थानमा स्थानान्तरण गर्नु आरुघाट गाउँपालिकाको जिम्मेवारी हुन आउँछ । यसरी स्थानान्तरण गरिएका परिवारहरुको आपतकालीन व्यवस्थापनका लागि खाद्य तथा गैरखाद्य सामग्रीको वितरण प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि गाउँपालिकाले यस्ता सामग्रीको भण्डारण गर्दा त्यस्ता परिवारको लागत पहिले नै खडा गरेको हुनुपर्दछ ।

### (ग) आपत्कालीन प्रतिकार्यका लागि पूर्वतयारी

यस चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा सम्भावित खतराको अवस्थामा तत्कालको आवश्यकता अनुसार गर्ने कार्यहरु समावेश गर्नु पर्दछ । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने प्रतिकार्यका क्रियाकलाप जस्तै खोज, उद्धार, आपतकालीन राहत तथा उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने जस्ता गतिविधिहरू समावेश गर्नुपर्दछ । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात्को परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुनर्लाभका कार्यहरू यस चरणमा पर्दछन् । आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारी शब्दबाट नै स्पष्ट छ कि विपद्को समयलाई लक्षित गरेर गरिने पूर्वतयारीका क्रियाकलापहरु यसअन्तर्गत पर्दछन् । खास गरी पूर्वतयारीका क्रियाकलाप अन्तर्गत श्रोत, साधनको व्यवस्थापन र भण्डारण गरिन्छ, जनशक्तिको व्यवस्थापन र क्षमता विकासका काम गरिन्छ । पूर्वतयारीको चरणमा मानवीय, भौतिक, अर्थिक, सामाजिक र प्राकृतिक पुँजीको व्यवस्थापन गरी संरक्षण गरिन्छ भने प्रतिकार्यको समयमा तिनै पाँच प्रकारका पुँजीको परिचालन गरिन्छ । यसो गर्नाले व्यक्ति, समुदाय र समग्र राष्ट्रको विपद् सामना क्षमता मजबुद हुन्छ । मानव संसाधनको निर्माण तथा क्षमता विकास, खोज तथा उद्धार सामग्रीहरुको प्रभावकारी परिचालन, खाद्य तथा गैर खाद्य सामग्रीहरुको समानुपातिक वितरण, अस्थायी आवास स्थलहरुको अनुगमन, स्वास्थ्य खानेपानी तथा सरसफाई व्यवस्थापन, प्रभावकारी पूर्वसूचना प्रणालीको सञ्चालन, लैंगिक तथा सामाजिक समावेशीकरण अनुगमन जस्ता कुराहरुमा ध्यान पुर्याउन सकेको खण्डमा प्रतिकार्यलाई (Response) व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ र आपतकालीन अवस्थामा हुने थप क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

# परिच्छेद ३

# आरुघाट गाउँपालिकामा विपद् जोखिमको अवस्था

## ३.१ विगतका विपद्हरुको विश्लेषण

आरुघाट गाउँपालिका विपद् जोखिमको दृष्टिकोणले उच्च जोखिममा रहेको छ । २०७२ सालको भूकम्पले पूरै गाउँपालिकामा जनधन, पशु चौपाया, घर, विद्यालय लगायत अन्य भौतिक संरचनाहरुमा क्षति पुर्‍याएको, विभिन्न ठाउँहरुमा पहिरो समेत गएको जसको कारण खानेपानी प्रणालीमा क्षति पुगेको, पानीका मुहानहरु सुकेका, सिंचाइ कुलोहरु, बाटोहरु समेत भत्किएको थियो र पूरै जनजीवन अस्तव्यस्त बनाएको थियो । त्यस्तैगरी हावाहुरीको कारण विद्यालय भवनका छानाहरु उडाएको, बर्षात्को समयमा आउने बाढीले खेतियोग्य जमिनहरु बगाउने र कटान गर्ने गरेको, चट्याङले पशु वस्तुहरु मरेको, मानिसहरु घाइते भएको, असिनाले खेतिवाली नष्ट गर्ने गरेको, तुषारो र मौसमी खडेरीले समेत खेतिवाली र तरकारी वालीलाई प्रभाव पार्ने गरेको, जङ्गली जनावरहरुको आक्रमणले पशुचौपायाहरुको क्षति हुने गरेको र समय समयमा हुने आगोलागीले घर गोठ लगायत वन जङ्गल र जङ्गली जनावरहरुको क्षति गर्ने गरेको पाइन्छ। आरुघाट गाँउपालिकाको बिगत ५ वर्षमा बाढी/पहिरो,आगलागी, हावाहुरी, चट्याङ र कोभिड-१९ जस्ता बहु-प्रकोपले धेरै जसो बस्तीहरु जोखिमयुत्त क्षेत्रमा अवस्थित छन् र ऐतिहासिक समयरेखाले ईगिंत गरे बमोजिम निरन्तर रूपमा जोखिमहरूको सामना गरिरहेका छन् । कमजोर सामाजिक-आर्थिक अवस्था, नाजुक भौगोलिक अवस्था, जोखिम संवेदनशील भू-उपयोग, अस्थिर पूर्वाधारहरु , समुदायहरू बीच विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी अपर्याप्त ज्ञान, स्थानीय तहमा संस्थागत संरचनाहरूको सशत्तिकरण हुन नसक्नु र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका गतिविधिहरूलाई योजना र बजेट निर्माण प्रक्रियामा प्राथमिकतामा नपर्नु ठुलो चुनौतीको रुपमा रहेको छ । यसरी विगतको विपद्को इतिहास र हालको अवस्थामा समुदायको जोखिम उन्मुख संकटासन्नता तथा सम्मुखतालाई विष्लेषण गर्दा यो गाउँपालिका विपद् जोखिमका दृष्टिले उच्च जोखिममा देखिन्छ । तर गत वर्षदेखि फैलिएको कोरोना भाइरसको प्रभाव भने (मानविय क्षतिका हिसावले) सामान्य देखिन्छ ।

## ३.२ कानुनी नीतिगत तथा संस्थागत व्यवस्था

### नेपालको संविधान, २०७२

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। संविधानको अनुसूची - ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ। साथै अनुसूची - ८ मा विपद् व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण संवर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद् पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

## विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रबन्ध गरी विपद् पूर्व, विपद्को समयमा एवं विपद् पश्चात्को अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साविकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपद्लाई समेत मूलप्रवाहीकरण गर्दै विपद् अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

## विपद् जोखिम न्यूनिकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रुपमा कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपद्ले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ

## आरुघाट गाउँपालिकाको पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५

आरुघाट गाउँपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनका सबै क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण उत्पन्न विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुनसक्ने हानी नोक्सानीबाट संरक्षण गर्नका लागि विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ जारी गरेको छ । जस अर्न्तगत तहगत संरचनाहरुको प्रबन्ध गरी विपद् पूर्व, विपद्को समयमा एवं विपद् पछिको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भूमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

## विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७५

प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ। यस कार्यविधिले कोषको स्थापना, श्रोत, परिचालन र प्रयोगको विधिको स्पष्ट व्यवस्था गरेको छ।

## ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु

आरुघाट गाउँपालिकाको केही वडाहरुमा विभिन्न संस्थाहरुको प्राविधिक सहयोगमा स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन योजनाहरु तयारी सम्पन्न पारिएका छन् र केहीमा तयारीको शुरुवात भइरहेको छ। यसरी स्थानीय स्तरमा बनेका योजनाहरु र विष्लेषणका आधारमा पनि यस पालिकाको जोखिमहरुको प्राथमिकीकरण गरिएको छ।

| प्रकोपको प्राथमिकता | | | | | |
|---|---|---|---|---|---|
| पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | छैंठौं |
| भूकम्प | पहिरो | भल बाढी | असिना | दुर्धटना | आगलागी |

भूकम्प, पहिरो, भल बाढी, असिनाको जोखिम उच्च रहेको यस गाँउपालिकाको वडा स्तरीय जोखिमको अवस्था यस प्रकार रहेको छ।

| हालको वडा नं. | साबिकको गा.वि.स | साबिकको वडा नं. | जनसंख्या | प्रमुख प्रकोपहरु |
|---|---|---|---|---|
| १. | मान्बु | ५-९ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| २. | मान्बु | १-४ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ३. | थुमी | ४,६,८ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ४. | थुमी | १,२,३,५,९ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ५. | आरुआर्वाङ | ५,७,८,९ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ६. | आरुआर्वाङ | १,४,५,६ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ७. | आरुपोखरी | १,२,५,९ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ८. | आरुपोखरी | ३,४,६,७,८ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| ९. | आरुचनौटे | १-३ | | भूकम्प, पहिरो, भल बाढी, असिना |
| १०. | आरुचनौटे | ४-९ | | भूकम्प, पहिरो, भल बाढी, असिना |

## ३.४ सम्भाव्य प्रकोपको आंकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शांकन

आरुघाट गाउँपालिकामा कुन कुन महिनामा के कस्ता प्रकोपहरुको जोखिम रहेको छ भन्ने कुराको विश्लेषण गर्न प्रकोप पात्रोको निर्माण गरिएको छ। यसले गाउँपालिका भित्र कुन कुन प्रकोपको उच्च जोखिम कुन कुन महिनामा मध्यम जोखिम र कुनकुन प्रकोपको कुन महिना न्युन जोखिम छ भन्नेकुरा प्रस्तुत पात्रोले बुझाउँछ। भूकम्प र महामारी जस्ता प्रकोपहरु १२ महिना उच्च जोखिम रहेको छ भने बाढी र पहिरोको असार, श्रावण र भदौमा उच्च जोखिम, जेठ र असोजमा मध्यम र बाँकी महिना न्युन जोखिम रहेको छ। हिमपात पुष माघ सम्म उच्च जोखिम फागुन मध्यम र चैतमा न्युन जोखिम रहेको देखिन्छ। हावाहुरी चैत, बैषाखमा उच्च जोखिम, फागुन र जेठमा मध्यम जोखिम र असारदेखि माघ सम्म न्युन जोखिममा रहेको छ। त्यसैगरी चट्याङ चैतदेखि असारसम्म उच्च जोखिम, साउन भदौमा मध्यम जोखिम र असोजदेखि माघसम्म न्युन जोखिम रहेको छ। यस

गाउँपालिकामा पहिरोको जोखिम असार श्रावण भदौमा उच्च जोखिम, चैत्रमा मध्यम जोखिम र अरु महिना न्युन जोखिम रहेको छ भने आगलागी चैत र बैषाखमा उच्च जोखिम, जेठ, असोज, कार्तिक र फागुनमा मध्यम जोखिम र बाँकी महिना न्युन जोखिम रहेको देखिन्छ । यसबाट गाउँपालिकाका लागि पुर्वतयारी तथा प्रतिकार्यका कृयाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमामा सहयोगी सिद्ध हुनेछ ।

## ३.५ विपद् संकटासन्नता तथा क्षमता विश्लेषण

आरुघाट गाउँपालिका गोरखा जिल्लाका स्थानीय तहरुमध्ये एक प्रमुख गाउँपालिका हो । संकटासन्नताको अवस्थालाई न्युन गरी क्षमता विस्तार गर्न केही प्रयत्नहरु गर्न खोजिएको भएतापनि पर्याप्त ध्यान पुग्न नसक्दा स्थानीयहरुले हरेक वर्ष विपद्जन्य घटनाको मार खेप्नु परेको छ । हाल गाउँपालिकाले १० वटै वडाहरुमा वडा विपद् व्यवस्थापन समिति गठन गरेको छ तर गठन गरेपछि बैठक नियमित हुन सकेको छैन जसका कारण कुनै विपद् व्यवस्थापनको काम प्राथमिकतामा परेको छैन । समुदाय तहमा सामुदायिक विपद् व्यवस्थापन समितिहरुको गठन गरिएको छैन जसले गर्दा समुदायमा घट्नसक्ने विपद्को जोखिम व्यवस्थापनका क्रियाकलाप हुन सकेको छैन । नीतिगत तथा कानुनी रुपले हेर्ने हो भने आरुघाट गाउँपालिकाले २०७५ सालमा स्थानीय विपद् व्यवस्थापन ऐनको निर्माण गरेको छ । त्यसैगरी २०७५ सालदेखि नै स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरीएको र विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका तयार गरी सोही अनुरुप कोष व्यवस्थापन र परिचालन गरिएको छ । आउने दिनमा स्थानीय विपद् व्यवस्थापन नियमावली, गाउँपालिका स्तरीय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी भविष्यमा जोखिम न्यूनिकरणमा गाउँपालिकाको क्षमता विस्तार गर्नु नितान्त आवश्यकता देखिएको छ ।

हाल आरुघाट गाउँपालिका भित्र १९ वटा प्रा.वि., नि.मा.वि. ११ वटा, मा.वि. १० वटा, कलेज १ र सामुदायिक सिकाइ केन्द्र ३ वटा भूकम्प प्रतिरोधी विद्यालय भवनहरु रहेका छन ती सबै विद्यालय भवनहरुको अवस्था सापेक्षित रुपमा सुरक्षित रहेको हुनाले कुनै आपतकालीन अवस्थाको सृजना भएमा गाउँपालिका भित्रका करिब ६,००० जना सम्मका लागि आपतकालीन आश्रय उपलब्ध गराउन सक्ने अवस्था देखिन्छ । आरुघाट गाउँपालिकाले पालिका क्षेत्र भित्रका माध्यमिक विद्यालयका चौरहरु खुल्ला चउरहरुको रुपमा पहिचान गरेको छ स्थानीय अनुमान अनुसार यी चौरहरुमा परिआएको खण्डमा १०,००० मानिसहरुले आश्रय लिन सक्ने भएतापनि ती खुल्ला स्थानहरुको संरक्षण गर्नु आवश्यक छ । गाउँपालिका भित्रका कुनै पनि वडामा आपतकालिन अवस्थाका लागि हेलिप्याडहरु तयारी अवस्थामा रहेका छैनन् । खोज तथा उद्धारका सामाग्री सेट (गैटी, सावेल, पिक, डोरी आदि) भएको भनिएता पनि भौतिक रुपमा स्थानीय कुटो कोदालो हसिया जस्ता औजार बाहेक अन्य सामग्री व्यवस्थापन गरिएको देखिदैन । भत्केका संरचनाहरु हटाउने, काटने सामाग्रीहरु पनि हाल सम्म उपलब्ध नभएका कारण आगामी दिनमा जोखिम बढ्ने आँकलन गर्न सकिन्छ । भौतिक रुपमा हाल आरुघाटगा.पा.भित्र वडा नं. ९ मा स्वास्थ्य सेवा केन्द्र -१, वडा नं. १, २ को ढकाल टोल, ३ को आधारभूत स्वास्थ्य चौकी स्यामाङ्ग, ४ को थुमी, ५ को वयाक, ६ कल्लेरी, ७ र ८, १० डाडागाउँ मा १/१ वटा स्वास्थ्य चौकी गरी १० वटा स्वास्थ्य इकाई कृयाशील रहेक छन् यद्यपि यी स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्नुपर्ने अवस्था देखिएको छ । प्राथमिक उपचार तथा मनोसामाजिक परामर्शका लागि क्षमता विकास तालिम सञ्चालन गर्नु आवश्यक देखिएको छ । कोभिड १९का कारण विपद् लक्षित स्वास्थ्य सामाग्रीहरुमा पि.पि.इ. सेट १२, मास्क ५००, पञ्जा २५००,क्लोरिन बट्टा २०० र अन्य स्वास्थ्य सामग्रि प्रर्याप्त रहेको छ ।

मानवीय क्षमताका दृष्टिले हेर्ने हो भने गाउँपालिका भित्र भूकम्प प्रतिरोधि घर तथा भवनहरु बनाउने जनशक्ति वडापिच्छे रहेको देखिन्छ । हालसम्म आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति, स्थानीय विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव रहेको देखिन्छ । यसले गर्दा विपद्को त्रासदीपूर्ण अवस्थामा सामान्य खोज, उद्धार र प्राथमिक उपचार प्रभावित हुनसक्ने हुनाले खोज उद्धार र प्राथमिक उपचार तालिम संचालन गरी उद्धारक र प्राथमिक उपचारकहरु तयारी अवस्थामा राख्नु अत्यावश्यक देखिएको छ । हाल गाउँपालिका भित्र

केहि पौडीबाज रहेको भएतापनि उनीहरुले पौडीबाजको तालिम पाउन सकेका छैनन् । गाउँपालिका भित्र विभिन्न समुदायमा प्राथमिक उपचार गर्ने जनशक्ति नगन्य संख्यामा भएतापनि आधिकारिक रुपमा प्रमाणित नभएका कारण उनीहरुको पुर्नताजगी गर्नु आवश्यक देखिन्छ । त्यसैगरी मनोसामाजिक परामर्शदाता, द्रुत प्रतिकार्य टोली, अग्नी नियन्त्रक, तारजाली वुन्न सक्ने जनशक्तिको अभाव रहेको हुनाले तत्काल व्यवस्थापन गर्नु आवश्यक देखिएको छ । कअहिले अस्थायी आवास निर्माणका लागि तालिमप्राप्त जनशक्तिको अभाव छ भने शव व्यवस्थापन गर्न सक्ने जनशक्ति समेतको अभाव देखिएको छ । हाल यस गाउँपालिकामा काम गर्नका लागि गैससहरुको उपस्थिति नगन्य रहेको र उपलब्ध संघसंस्थाहरुले विपद् व्यवस्थापनमा खासै काम नगरेको हुनाले आरुघाट गाउँपालिकामा विपद् व्यवस्थापन सम्वन्धि तालिम दिन सक्ने जनशक्तिको उपस्थिति स्थानीय सन्दर्भमा शुन्य रहेको देखिन्छ ।

सामाजिक श्रोतको दृष्टिकोंणबाट हेर्ने हो भने हालसम्म आश्रय लिन सक्ने मठ, मन्दिर, चर्च, सार्वजनिक घर नगन्य मात्रामा रहेका छन् भने खानेपानी सेवा करिव ७५ प्रतिशत जनतामा पुगेको देखिन्छ भने पानी आपूर्ती गर्ने टयांकर समुहको उपस्थिति शुन्य देखिन्छ । लैंगिक हिंसा न्यूनीकरण समुहको अभावको कारण आपतकालीन अवस्थामा स्थानीय बासिन्दा प्रभावित हुने अवस्था रहेको छ । बृहत प्रकृतिको विपद् सृजना भएमा धेरै मानिस खुल्ला आकास मुनि बस्नुपर्ने बाध्यात्मक अवस्थाबारे सजग हुनु आयश्यक छ ।
आर्थिक श्रोतको दृष्टिकोंणले आरुघाट गाउँपालिकाका आरुघाट, आरखेत लगायतका स्थानीय बजारमा २०० वटा भन्दा बढी व्यापार व्यवसाय सञ्चालित भएको र आपतकालीन अवस्था सृजना भएमा ३ महिना सम्म खाद्यान्न आपुर्ति गर्ने क्षमता रहेको छ । गाउँपालिकाको विपद् व्यवस्थापन कोष स्थापना भैसकेको छ । अहिले गाउँपालिकामा ४५ वटा विभिन्न कृषक समुहहरु क्रियाशिल रहेका छन् भने २६ वटा साना ठूला व्यापार व्यवसायहरु सञ्चालनमा छन् । हाल यस गाउँपालिकामा १४ वटा सहकारी २ वटा वाणीज्य वैंक, २ वटा विकास वैंक तथा वित्तीय संस्थाहरु कृयाशील रहेका छन् । आपतकालीन अवस्थामा राहत व्यवस्थापन र ऋृण प्रवाहका लागि यी संस्थाहरु परिचालित हुने आँकलन गर्न सकिन्छ । यस गाउँपालिका भित्र वालकल्व २ वटा, शैक्षिक स्थिति ६१ प्रतिशत भन्दा माथि शिक्षित, १७ वटा झोलुगे पुल, २,८४८ घरधुरीमा विद्युत सेवा उपलब्ध, २ वटा लघुविद्युत योजनाबाट १२०९ परिवार लाभान्वित, १८० वटा टेलिफोन लाइन, ७२ एडिएसएल, २,७८४ मोवाइल प्रयोगकर्ता, वन र झाडी गरी करिव ५५% र ४८ वटा सामुदायिक वन रहेको छन् ।

## ३.६ विपद् जोखिम आंकलन तथा नक्शांकन

आरुघाट गाउँपालिकामा भूकम्प, पहिरो, बाढी, हावाहुरी, आगोलागी लगायत असिना, हिमपात, चट्याङ, खडेरी र वन्यजन्तुको आक्रमण जस्ता प्रकोपहरुले वर्षेनी जनधनको क्षति गरिरहेका छन् । यी उल्लेखित प्रकोपहरुको प्रभाव वडा अनुसार फरक फरक जोखिम र प्रभाव रहेको पाइएको छ । वडा नं. १ मा क्रमशः पहिरो, हावाहुरी, आगोलागी, असिना र चट्याङले क्षति पुर्‍याएको छ भने वडा नं. २ मा पहिरो, असिना, आगोलागी, चट्याङ, हावाहुरीले त्यस्तै वडा नं. ३ मा पहिरो, बाढी, असिना, आगोलागी, चट्याङ र हावाहुरीले, वडा नं. ४ मा पहिरो, हावाहुरी, चट्याङ, असिना, आगोलागी, खडेरी र वडा नं. ५ मा पहिरो, बाढी, आगोलागी, खडेरी, हावाहुरी र असिनाले । वडा नं. ६ मा बाढी, आगोलागी, हावाहुरी, असिना, पहिरो र चट्याङले, वडा नं. ७ मा बाढी, पहिरो र असिना, वडा नं. ८ मा हावाहुरी, पहिरो, आगोलागी, खडेरी र असिनाले वडा नं. ९ मा पहिरो, हावाहुरी र असिना, वडा नं. १० मा पहिरो र बाढी जस्ता प्रकोपहरुले मानविय, आर्थिक तथा भौतिक क्षति गरेको देखिन्छ ।

## ३.७ प्रकोप पूर्वानुमान तथा पूर्वसुचना प्रणाली विश्लेषण

आरुघाट गाउँपालिकाको मौसम अनुरुप सम्भावित प्रकोपका घटना हुन सक्ने आंकलन गर्दै स्थानीय विपद् व्यवस्थापन समितिको संयोजकत्वमा बैठक बसी छलफल गर्ने, कार्ययोजना निर्माण तथा बिषयगत क्षेत्रहरुको पूर्वतयारी क्षमता अभिबृद्धिका लागि साझेदार गैह्रसरकारी संस्थासंगको सहकार्यमा विभिन्न गतिविधि संचालन

हुनु आवश्यक देखिएको छ। साथै सबै वडाहरुको वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् जोखिम न्यूनीकरणका लागि नियमित काम गर्न आवश्यक देखिएको छ। प्रकोपका कारण उत्पन्न संकटासन्नता अवस्थाको क्षति आंकलन गर्नका लागि छुट्टै संरचना नभएकोले गाउँपालिकामा रहेको मानव स्रोत साधनलाई उपयोग गर्नुपर्ने अवस्था छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु हाल हुन नसकेको, खासगरी पूर्वतयारीका गतिविधिहरु सञ्चालन हुन नसकेकोले आगामी दिनमा सूचना व्यवस्थापनलाई अझ चुस्त दुरुस्त राख्न गाउँपालिकामा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरुमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र निर्माण गरि कार्यसञ्चालन गर्नु अपरिहार्य देखिएको छ। साथै तत्काल विपद्का घटनाको सूचना संकलनमा प्रहरी, वडाका संरचनाहरु, नेपाल रेडक्रस सोसाइटीका शाखा/उपशाखाहरु र यथार्थ आधिकारिक सूचना अद्यावधिकका लागि गाउँ कार्यपालिकाका साथै स्थानीय अन्य सरोकारवालाहरुलाई जोड्नु नितान्त आवश्यक देखिन्छ। स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरी विपद् व्यवस्थापनको कार्यलाई अझ व्यवस्थित, सक्रिय र थप क्षमतावान बनाउनु पर्ने आवश्यकता देखिएको छ। हाल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको सन्दर्भमा आरुघाट गाउँपालिकाले आपतकालीन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सातवटा विभिन्न विषयगत क्षेत्रहरुको निर्माण गरको छ ती विषयगत क्षेत्रहरुको क्षमता विकास गरी आउने दिनमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गतिविधिहरुलाई सहज रुपले सञ्चालन गर्ने अपेक्षा गरिएको छ साथै गाउँपालिकामा रहेका विपद् विषयगत क्षेत्रहरुको विवरण निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

## ३.८ सरोकारवाला संस्थाहरु

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण पूर्वतयारी प्रतिकार्य र पुनर्लाभका कार्यहरुमा संलग्न हुने विभिन्न सरोकारवाला निकाय तथा संघसंस्थाहरुको विवरण तथा तिनीहरुको भुमिका र जिम्मेवारीहरु निम्न तालिकामा उल्लेख गरिएको छ।

| क्र.स | सरोकारवाला निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• खोज तथा उद्धार कार्यमा सुरक्षा संयन्त्रहरु परिचालन गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रीय स्तरमा सहयोग माग(मानवीय, आर्थिक,भौतिक) |
| २. | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • स्थानीय निकायहरुलाई सूचना सङकलन, व्यवस्थापन एवं सहयोगका लागी परिचालन गर्ने<br>• विभिन्न सरोकारवाला निकायहरु तथा संस्थाहरु बिच समन्वयात्मक भुमिका निर्वाह गर्ने<br>• आवास तथा पुनः स्थापना कार्य गर्न आवश्यक स्रोत(मानवीय, आर्थिक,भौतिक) परिचालन तथा समन्वय गर्ने |
| ३. | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | प्रमुख तथा प्रतिनिधि | • खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने<br>• सुरक्षा व्यवस्था गर्ने<br>• विषयगत समितिमा रही सहयोग गर्ने |

| | | | |
|---|---|---|---|
| ४. | विषयगत सरकारी कार्यलयहरु | कार्यलय प्रमुखहरु | • विषयगत समितिमा रही क्षेत्रगत अगुवाको भुमिका निर्वाह गर्ने<br>• सम्बन्धित कार्यालयको आपतकालिन योजना निर्माण गर्ने<br>• अन्य सरोकारवाला सहयोगी संस्थाहरुसंग समन्वय गरी स्रोतको अधिकतम सदुपयोग गराउन भुमिका खेल्ने |
| ५. | राजनैतिक दलहरु | दलका प्रमुख तथा प्रतिनिधि | • समन्वय<br>• स्रोत संकलन सहयोग<br>• जनपरिचालन |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | • प्रबन्धकारी भुमिका निर्वाह गर्ने<br>• खाद्य तथा गैरखाद्य सामाग्री तथा अस्थायी आवासको व्यवस्थनपन<br>• सूचना सङकलन तथा सम्प्रेषणमा स्वयंसेवक परिचालन गर्ने<br>• प्रकोपको समयमा आपतकालीन आवास तथा बन्दोबस्तीमा व्यवस्थापनमा सहयोग गर्ने |
| ७. | उद्योग वाणिज्य संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाद्य सामाग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने<br>• पलिका तथा जिल्लामा रहेका खाद्य वस्तुको मौज्दातको तथ्यांक आँकलन गरी सम्बन्धित निकायमा जानकारी गराउने |
| ८. | यातायात व्यवसायी संघ | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागी आवश्यक यातायातका साधनहर तथा जनशक्ति उपलब्ध गराउने |
| ९. | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीकरु तथा सञ्चार माध्यमहरु | • तथ्यपरक सुचना संकलन तथा सम्प्रेषण<br>• पूर्व चेतवानी तथा पूर्व तयारीका सुचना सम्प्रेषण<br>• विपद् पूर्व, विपद्को बेला र विपद् पश्चात पालिकामा भईरहेका असल तथा सुधार गरिनुपर्ने अभ्यासहरु बारे जनमानस समक्ष सम्प्रेषण गर्ने |
| १०. | पेशागत व्यवसायी संघ तथा संस्थाहरु | अध्यक्ष | • राहत,उद्धार तथा संरक्षण कार्यमा सहयोग |

| | | | |
|---|---|---|---|
| | | | ● राहत वितरणमा सहयोग |
| ११. | सामुदायिक समुह तथा सञ्जालहरु (कृषक समुह, सामुदायिक वन उपभोक्ता समुह, जल तथा सिंचाई उपभोक्ता समुह, युवा सञ्जाल,आदि) | अध्यक्ष | ● राहत,उद्धार तथा संरक्षण कार्यमा सहयोग<br>● राहत वितरणमा सहयोग |
| १२. | गै.स.स महासंघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स | प्रमुख तथा प्रतिनिधि | ● मानव स्रोत परिचालन<br>● स्रोत संकलन र वितरणमा सहयोग<br>● सरोकारवाला निकायहरु तथा गै.स.स हरु बिच समन्वय<br>● क्षमता विकास तथा सहजीकरण गर्ने |

## ३.९ विषयगत क्षेत्रहरु

### विषयगत क्षेत्र (Cluster) को परिचयः

विपद्‌बाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाँड नै विषयगत क्षेत्रको रुप हो । उद्धार तथा राहत, पूर्वसूचना र समन्वय, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी बन्ने अवधारणाका साथै क्षेत्रगत अवधारणालाई विपद्‌बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्य विभाजन भनेर पनि बुझ्न सकिन्छ । क्षेत्रगत अवधारणाका प्रमुख विशेषता देहायअनुसार रहेका छन्:

विपद्‌को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।

- विपद् प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाँका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमी कमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

### विषयगत क्षेत्रको उद्देश्य

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्:

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
२. आपतकालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
४. समन्वय र समझदारी अभिवृद्धि गर्नु,
५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

### विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू

यस योजनामा निम्नअनुसार आरुघाट गाउँपालिकामा ७ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

(१) खोज, उद्धार तथा पूर्वसूचना र समन्वय विषयगत क्षेत्र
(२) आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र
(३) कृषि तथा खाद्य विषयगत क्षेत्र
(४) स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र
(५) संरक्षण विषयगत क्षेत्र
(६) शिक्षा विषयगत क्षेत्र
(७) राहत पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र

## ३.९.१ विषयगत क्षेत्रको भुमिका तथा जिम्मेवारीहरु

| क्र.स | विषयगत क्षेत्रका नाम | क्षेत्रगत अगुवा | भुमिका तथा जिम्मेवारीहरु |
|---|---|---|---|
| १. | खोज, उद्धार तथा पूर्वसूचना र समन्वय | पालिका प्रमुख | • सरकार, दातृ निकायहरु, सहयोगी संघ-संस्थाहरु तथा नागरिक समाजबीच समन्वय कायम गर्नु<br>• निर्धारित समय भित्र बहुक्षेत्र द्रुत लेखाजोखा विश्लेषण गर्नु तथा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु<br>• सुचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सुचना प्रवाहलाई सुनिश्चित गर्नु<br>• प्रतिकार्य सन्दर्भमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्र र केन्द्रहरुमा सम्पर्क तथा समन्वय |
| २. | आपतकालीन आवास तथा गैरखाद्य | पालिका उपप्रमुख | • विपद् प्रभावित समुदायलाई आवश्यक पर्ने अस्थायी आवास तथा लताकपडा उपलब्ध गराउने<br>• विपद् प्रभावित व्यक्ति तथा परिवारहरुको सुरक्षित तथा आरामदायी आवासका लागी भौतिक तथा सामाजिक आवश्यकताहरुमा पहुँच सुनिश्चित गर्नु<br>• विपद् विस्थापित व्यक्ति तथा परिवारहरुको लागी स्थायी रुपमा सुरक्षित आवासको सामाधान खोज्नु<br>• घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागी आवश्यक सामाग्रीहरुमा विस्थापितहरुको समानुपातिक पहुँच गराउनु |
| ३. | कृषि तथा खाद्य | पालिका कृषि शाखा | • आपतकालिन अवस्थामा प्रभावितहरुको लागी यथाशीघ्र खाद्यान्न उपलब्ध गराउने<br>• दिर्घकालीन रुपमा जीविकोपार्जनको सुरक्षामा सकारात्मक प्रभाव पार्ने रणनितिहरुको निर्माण गर्ने<br>• विपद् प्रभावित समुदायलाई अल्पकालिन रुपमा आम्दानीको स्थानतरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने |

| | | | |
|---|---|---|---|
| ४. | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण | पालिका स्वास्थ्य शाखा | • झाडापखाला, हैजा, औलो तथा पानीजन्य एंवम किटजन्य रोगहरुको साथै सम्भावित महामारीहरुको प्रभावकारी नियन्त्रण तथा उपचार सुनिश्चित गर्न<br>• विपद् प्रभावित समुदायका निम्ति स्वास्थ्य शिविर तथा मानवस्रोत परिचालन गर्नु<br>• कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरुका निम्ति पुरक खानाको व्यवस्था गर्नु |
| ५. | संरक्षण | पालिका महिला तथा बालबालिका शाखा | • विपद् प्रभावित समुदायका महिला तथा बालबालिका लगायत जोखिममा रहेका सदस्यहरुलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार र भेदभावबाट सुरक्षित राख्ने |
| ६. | शिक्षा | पालिका शिक्षा शाखा | • विपद् प्रभावित तथा विस्थापित विधार्थीहरु र अस्थायी आवासको रुपमा उपयोग भएका विधालयमा अध्ध्यनरत विधार्थीको नियमित अध्ध्यन तथा पठनपाठनको अधिकार सुनिश्चित गर्नु |
| ७. | राहत पुनर्स्थापना तथा पुननिर्माण | पलिका प्रमुख | • विपद् प्रभावित परिवारहरुलाई आवश्यक आधारभुत सामाग्रीहरु तथा राहत वितरणलाई एकद्धार प्रणालीबाट प्रभावकारी बनाउने<br>• क्षतिग्रस्त भौतिक पूर्वाधारका संरचनाहरु मर्मत तथा संभार गर्ने<br>• अवरुद्ध सेवाहरु तत्कालका लागी बहाल गर्ने<br>• विपद् प्रभावित समुदायहरुको अल्पकालिन तथा दिर्धकालीन पुन:स्थापना |

## ३.९.२ विषयगत क्षेत्र समितिहरुको नामावली

### ३.९.२.१ खोज तथा उद्धार, पूर्वसूचना र समन्वय बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | राजु गुरुङ्ग | अध्याक्ष | ९८४१८२२२६९ |
| २ | गाउँ कार्यपालिका | कल्पना नेपाली | उपाध्याक्ष | ९८४६०७५४५५ |
| ३ | प्रहरी कार्यालय | रामजी देवकोटा | प्र.नि | ९८५६०४२०९९ |
| ४ | युवा क्लब | | | |
| ५ | गाउँपालिका प्राविधिक शाखा | समिर खड्का | इन्जिनियर | ९८४६२४९१४९ |
| ६ | वडा प्रतिनिधि नं वडा | बुद्धि प्रसाद श्रेष्ठ | वडा अध्याक्ष | ९८५६०२४८३२ |
| ७ | नेपाल रेडक्रस सोसाइटी | इश्वर अधिकारी | इकाइ सभापति | |

| | | | | |
|---|---|---|---|---|
| ८ | गाउँपालिका सूचना शाखा | राजन ढकाल | सुचना प्रविधी अ | ९८४३०२३२१६ |
| ९ | गाउँपालिका विपद् व्यवस्थापन शाखा | कविराज खनाल | अ.चौथो | ९८४९९२३९३० |
| १० | पत्रकार प्रतिनिधि | | | |

### ३.९.२.२आपतकालीन आवास तथा गैरखाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | प्द | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | कल्पना नेपाली | उपाध्याक्ष | ९८४६०७५४५५ |
| २ | नेपाल रेडक्रकस सोसाइटी | इश्वर अधिकारी | इकाइ सभापति | |
| ३ | प्रहरी कार्यालय | रामजि देवकोटा | प्र.नि | ९८५६०४२०९९ |
| ४ | वडा प्रतिनिधि | टेक बहादुर अधिकारी | | ९८६९८५९०७९ |
| ५ | सामुदायिक वन उपभोक्ता महासंघ | | | |
| ६ | उद्योग बाणिज्य संघ | टीका नारायण श्रेष्ठ | | |
| ७ | सहकारी समुह प्रतिनिधि | रमेश कुमार लामिछाने | सदस्य | ९८२७१६७८७१ |
| ८ | विद्यालय प्रतिनिधि | काजिराम कार्की | | ९७४८७५५९८१ |
| ९ | विद्यालय व्यवस्थापन समिति प्रतिनिधि | देवी दत्त खनाल | | ९८४९९४६१०४ |

### ३.९.२.३कृषि तथा खाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | पशु सेवा शाखा | इन्द्रहरी खनाल | प.अ.छैटौ. | ९८५६०१६६२० |
| २ | कृषि विकास शाखा | सुजन दवाडी | प्रा.स | ९८४९९४३१८० |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा | इश्वर अधिकारी | सभापती | ९८५६०४०१४४ |
| ४ | कृषि सहकारी संस्था प्रतिनिधि | रमेश कुमार लामिछाने | सहकारी प्र | ९८२७१६७८७१ |
| ५ | कृषक समुह प्रतिनिधि | बुद्धि मान विक | कृषक.प्र | |
| ६ | वडा प्रतिनिधि | मुरारी खनाल | वडा अध्याक्ष | ९८४९९५४५१३४ |
| ७ | कृषि क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | | | |

### ३.९.२.४ स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा गापा | प्रविन थापा | ज.स्वा.नी | ९८६८१३७३४९ |
| २ | नेपाल रेडक्रकस सोसाइटी | इश्वार अधिकारी | सभापती | ९८५६०४०१४४ |
| ३ | वडा प्रतिनिधि नं वडा | रमेश लामिछाने | सामाजिक वि.स | ९८२७१६७८७१ |
| ४ | स्वास्थ्य चौकी वार्ड नं | शुनिल चन्द | ज.स्वा.नी | ९८५६०७०५६५ |
| ५ | स्वास्थ्य चौकी वार्ड नं | सन्दिप वि.क | अयब.. | ९८६६०३१५८१ |
| ६ | स्वास्थ्य चौकी वार्ड नं | राजकुमार रजक | सि अयब | ९८४१७१८२७३ |
| ७ | सामुदायिक स्वास्थ्य इकाई | संगम कुमार कार्की | अयब | ९८४६६११८४४ |
| ८ | स्वास्थ्य चौकी वार्ड नं | हरि कुमार श्रेष्ठ | ज.स्वा.नी | ९८६१९९२५९९ |
| ९ | महिला स्वास्थ्य स्वंयम सेविका प्रतिनिधि | मनोज धमला | म.स्वा.से | ९८४६८६६१५८ |

### ३.९.२.५संरक्षण विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका शाखा | लिला श्रेष्ठ | सा.वि.अ | ९८५६०७५३४२ |
| २ | प्रहरी कार्यालय | रामजि देवकोटा | प्र.नी | ९८५६०४२०९९ |
| ३ | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | | | |
| ४ | बाल सञ्जाल प्रतिनिधि | साधना ढकाल | सचिब | ९७४१७३३६२९ |
| ५ | महिला सञ्जाल प्रतिनिधि | मिना बराम | म.स.प्र | ९८६९१२९१४० |
| ६ | अपांग सञ्जाल प्रतिनिधि | कल्पना नेपाली | संयोजक | ९८४६०७५४५५ |
| ८ | वडा प्रतिनिधि | गणेस सुनार | सदस्य | ९८२८४२७०७८ |
| ९ | महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | भुपेन्द् पोखरेल | | ९८४६०५६१५२ |
| | | देवी दत्त खनाल | सदस्य | ९८४९९४६१०४ |

### ३.९.२.६शिक्षा विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | प्द | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका शिक्षा शाखा | करुणा पनेरु | अधिकृत | ९८५१३११९१७ |
| २ | वडा प्रतिनिधि | रमेश कुमार लामिछाने | सामाजिक विकास संयोजक | ९८२७१६७८७१ |
| ३ | विद्यालय प्रतिनिधि | काजिराम कार्की | सदस्य | ९७४८७५५९७१ |
| ४ | वि.ब्य.स. प्रतिनिधि, | देवी दत्तखनाल | सदस्य | ९८४९९४६१०४ |
| ५ | शिक्षक अभिभावक संघ | मिना बराम | सदस्य | ९८०८७४६१२४ |
| ६ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | | | |
| ७ | शिक्षक महासंघ प्रतिनिधि | टेक प्रसाद सर्मा लामिछाने | सदस्य | ९८४६९२४७६९ |
| ८ | शिक्षा क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | | | |

### ३.९.२.७ राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम थर | प्द | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गापा पुर्वाधार विकास शाखा | समिर खड्का | इन्जिनियर | ९८४६२४९१४९ |
| २ | वडा प्रतिनिधि | पदम बहादुर घले | का.सदस्य | ९७४५७१५७७५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | नेपााल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | | | |
| ४ | नेकपा एमाले | मेन बहादुर अधिकारी | | |
| ५ | नेपाली कांग्रेस | एकदत्त खनाल | | |
| ६ | नेकपा माओवदी केन्द्र | विष्णु प्रकास खड्का | | |
| ७ | स्थानीय उद्योगी व्यवशायी | | | |

# परिच्छेद – ४

# सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

## ४.१ सामान्य पूर्वतयारी योजना

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधि गर्नेछ । विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न निम्न रणनीतिक क्रियाकलापहरु समावेश गरिएको छः

| क्र.स. | पूर्वतयारी क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक नियमित रुपमा सञ्चालन गर्ने | आरुघाट गाउँपालिका | वडा विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी | हरेक महिना | - |
| २ | विपद् पूर्वतयारी योजनाहरु, ऐन, कार्यविधि र कार्ययोजना निर्माण र अद्यावधिक गर्ने | आरुघाट गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, सामाजिक विकास शाखा, नेपाल रेडक्रस सोसाइटी र विकास साझेदार संस्था | २०८० बैसाख मसान्त भित्र | - |
| ३. | वडा स्तरमा जोखिम स्तरीकरण तथा नंक्साङ्कन | आरुघाट गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, सामाजिक विकास शाखा, नेपाल रेडक्रस सोसाइटी र विकास साझेदार संस्था | २०८० बैसाख मसान्त भित्र | १,००,००० |
| ४ | पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूका लागि आवश्यक क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस, वडा अध्यक्षहरु | २०८० असार मसान्त | २,००,००० |
| ५ | गाउँपालिकाका सबै वडाबाट कुल ५० जना युवालाई खोज तथा उद्धार तालिम उपलब्ध गराउन सशस्त्र प्रहरी बल कुरिनटार चितवन सँग समन्वय गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस, योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० असोज | ५,००,००० |
| ६ | आपतकालीन अवस्थामा आवश्यक परिचालनका लागि स्थानीय स्वंय सेवकहरुको नामावली तयार गरी पालिकामा अभिलेख राख्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस | २०८० जेठ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खोज तथा उद्धार सामग्रीका व्यवस्थापन र भण्डारण गर्ने | आरुघाट गाउँपालिका | वडा समिति, स्थाविव्यस, खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | २०८० चैत्र | १०,००,००० |
| ८ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई स्थापना र संचालन गर्ने | आरुघाट गाउँपालिका | वडा समिति, स्थाविव्यस, खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | २०८० जेठ | ४,००,००० |
| ९ | पालिकास्तरीय विपद् व्यवस्थापन कोषको स्थायित्वको लागि बैंक खाता सञ्चालन गरी परिचालन गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस | २०८० असार | - |
| | वडास्तरमा विपद् व्यवस्थापन कोष स्थापना तथा परिचालन | आरुघाट गाउँपालिका | स्थाविव्यस | २०८० असार | १०,००,००० |
| १० | आरुघाट गाउँपालिकाका सवै विद्यालयहरुको विद्यालय सुरक्षा योजना तयार गर्ने | आरुघाट गाउँपालिका | शिक्षा विषयगत क्षेत्र | २०८० माघ | - |
| ११ | विद्यालयको संरचनात्मक र गैर संरचनात्मक स्थिति आंकलन गर्ने | आरुघाट गाउँपालिका | शिक्षा विषयगत क्षेत्र | २०८० असार | - |
| १२ | बन्द रहेका विद्यालय भवनहरुको प्रबलिकरण तथा अस्थायी आश्रयस्थलको रुपमा विकास | आरुघाट गाउँपालिका | शिक्षा विषयगत क्षेत्र | २०८० असार | ५,००,००० |
| १४ | आरुघाट गाउँपालिका रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको अवस्था अद्यावधिक गरिराख्ने । | आरुघाट गाउँपालिका | गाँउपालिका,स्वास्थ्य शाखा | नियमित | - |
| १५ | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपत्कालिन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको बफर स्टक तयार गर्ने । | आरुघाट गाउँपालिका | नगरपालिका | नियमित | - |
| १६ | कोरोना संक्रमितहरुको परीक्षणलाई निरन्तरता दिने | आरुघाट गाउँपालिका | गाउँपालिका स्वास्थ्य शाखा, स्वास्थ्य विषयगत क्षेत्र | नियमित | - |
| १७ | पूर्वानुमानमा आधारित पूर्व तयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरु र प्रशिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने | आरुघाट गाउँपालिका | योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० जेष्ठ भित्र | ५,००,००० |
| १८ | सबै विषयगत क्षेत्रका सदस्यहरु र सहयोगी निकायका मुख्य व्यक्तिहरुको सम्पर्क अद्यावधिक सूची तयार गर्ने । | आरुघाट गाउँपालिका | गाउँपालिका सूचना शाखा | २०८० वैशाख | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | आपत्कालीन सूचना संकलनका लागि प्रारम्भिक लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने । | आरुघाट गाउँपालिका | विपद् व्यवस्थापन शाखा | २०८० चैत्र भित्र | - |
| २० | हरेक वडामा कम्तिमा एक स्थानमा खोज तथा उद्धार सामग्री भण्डारण गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस, योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० जेठ भित्र | - |
| २१ | हरेक वडामा कम्तिमा एक स्थानमा हेलिप्याड निर्माण तथा व्यवस्थापन गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस, योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० जेठ भित्र | २,५०,००० |
| २२ | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता विकासका लागि काम गर्न संस्थाहरूबीच समन्वय गर्ने । | आरुघाट गाउँपालिका | स्थाविव्यस, योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | नियमित | - |
| २३ | हरेक वडाका कम्तिमा एक खुल्ला स्थानको पहिचान गरी तारवार सहित खानेपानी र सरसफाइका संरचना तयार गर्ने | आरुघाट गाउँपालिका | स्थाविव्यस, योजना शाखा,तालिम नेपाल रेडक्रस सोसाइटी | २०८० साल पौष मसान्त भित्र | २,५०,००० |
| २४ | खानेपानी निर्मलीकरण र दूषित हुनबाट रोकथामको बारेमा जन समुदायलाई जागरुक बनाउने | आरुघाट गाउँपालिका | स्वास्थ्य तथा खानेपानी | २०८० फागुन मसान्त | - |

# परिच्छेदः ५
# पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

आरुघाट गाँउपालिका पहिरो, बाढी र भूकम्प लगायतका विभिन्न प्रकोपहरुको जोखिममा रहेको क्षेत्र हो । नेपाल पहिरो जोखिम न्यूनीकरण परियोजना अनुसार आरुघाट गाँउपालिका पहिरोको उच्च जोखिममा रहेको क्षेत्र हो । सन् २००८ देखि २०१८ को बीचमा, यस क्षेत्रमा कम्तिमा १८ वटा पहिरो खसेको थियो, जसको परिणामस्वरूप धेरैको मृत्यु, चोटपटक र सम्पत्तिको क्षति भयो । १३ जुलाईमा, २०२२ मा आरुघाट गाउँपालिकाको श्यामचेत गाउँमा आएको पहिरोले २८ घर लाई विस्थापित गर्नुका साथै १६८ घरधुरी उच्च जोखिममा रहेका छन् । सन् २०१७ मा, भारी वर्षाले गर्दा आएको बाढी र पहिरोको कारण कम्तिमा १७ को मृत्यु भयो र हजारौं मानिसहरूलाई विस्थापित गर्यो । जोखिम क्षेत्रहरुमा पूर्वसुचना प्रणाली र वर्षाको तात्कालिन अनुगमन प्रणालीको स्थापना नभएको तथा जोखिमहरुको अपर्याप्त जानकारीले जोखिमयुक्त क्षेत्रका मानिसहरुलाई सुरक्षित हुने पर्याप्त समय उपलब्ध हुँदैन । त्यसैले, यस पालिकाको माथिल्लो क्षेत्रमा वर्षामापन केन्द्रको तात्कालिन अनुगमनले तल्लो भेगका समुदायहरुलाई बाढीका लागी पूर्वसुचना दिन तथा विभिन्न जोखिम क्षेत्रहरुमा मौसम पूर्वानुमान बारे पूर्वसुचना दिने सुचना प्रणालीको विकास गरिएमा पूर्वानुमानमा आधारित रहेर यस पालिका क्षेत्रमा रहेका विभिन्न जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न सकिनेछ ।

**<u>५.१ दश दिनको (१० दिन) पूर्वानुमानद्धारा शुरु हुने पूर्वतयारी र प्रारम्भिक कार्य</u>**

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग कार्यालयद्धारा जारी भएको मौसम पूर्वानुमान बारेमा विषयगत क्षेत्रगत प्रमुख तथा उपप्रमुखहरुलाई जानकारी दिने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, स्थानिय आपतकालिन कार्य संचालन केन्द्र |
| | सम्भावित पहिरो तथा बाढीसँग सम्बन्धित सुचनाको सँगठन भित्र आन्तरिक सुचना प्रवाह गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, स्थानिय आपतकालिन कार्य संचालन केन्द्र |
| | आश्रय सामाग्रीहरु, गैरखाद्य पर्दाथ, खाद्यान्न, पानी र औषधिहरुको आपतकालीन भण्डारण गर्ने | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाईटी |
| | स्वास्थ्य केन्द्रहरु, शिक्षा केन्द्र र आश्रय स्थल जस्ता अस्थायी सुविधाका लागी स्थलगत योजना बनाउने | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाईटी |
| | महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता सामाग्रीको पहिचान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी |
| | सम्बन्धित क्षेत्रमा जोखिमको सम्भावना बारे समुदायमा आधारित विपद् व्यवस्थापन | स्थानिय आपतकालिन कार्य संचालन केन्द्र, वडा विपद् |

| | | |
|---|---|---|
| | समितिहरु र कार्यदलहरुलाई सूचीत गर्ने | व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी |
| | जोखिमयुक्त क्षेत्रमा सम्भावित विपद्बाट विस्थापित हुनसक्ने जनसंङख्याको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकाय, आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र |
| | कृषकहरुलाई बाली/तरकारी/पशुपंक्षी पालन फार्म सुरक्षित राख्न सुचित गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाईटी, कृषक समुह |
| | समुदायको सहज पहुँचको लागी झटपट झोला र पानी नछिर्ने कागजात थैली र त्यस्तै सामाग्री सामुदायिक विपद् व्यव्स्थापन समितिको कार्यालय तथा अन्य ठाँउहरुमा तयार गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |
| | आपतकालीन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय स्वास्थ्य केन्द्रलाई सहयोग उपलब्ध गराउने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र, स्वास्थ्य क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |
| | अस्थायी शिविर तथा टेन्ट सुरक्षित स्थानमा निर्माण गर्ने | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, स्थानीय स्वयमसेवकहरु |
| | तयारी खाद्य पर्दाथको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदायमा भण्डारण गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र,उघोग वाणिज्य संघ, पेशागत व्यवसायिक संघसंस्थाहरु |
| मध्यम | संकटासन्न बस्ती र टोलका उपयुक्त स्थानमा प्राथमिक उपचार किट र क्लोरिन झोल भण्डारण व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र |
| | रेडक्रस उपशाखा आपतकालीन औषधि मौज्दात राख्ने | नेपाल रेडक्रस सोसाईटी क्लस्टर प्रमुख |
| | सुरक्षित मार्ग, परिवहन वाहन, डुङ्गा आदिको योजना बनाउन | नेपाल रेडक्रस सोसाईटी क्लस्टर प्रमुख |
| | प्रारम्भिक लेखाजोखा, मुल्याङ्कन घरधुरी सर्वेक्षण विवरण फारम र सामाग्रीको मुद्रण कार्य गर्ने | क्लस्टर प्रमुखको समन्वयमा सम्बन्धित सबै लाइन एजेन्सीहरु |
| | सुरक्षित घर र शिविर व्यवस्थापन टोली बनाउने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र |

| | | |
|---|---|---|
| | महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र, महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने गै.स.सहरु |
| | आवश्यक परिमाणमा तयारी सुख्खा खानेकुराको व्यवस्था गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, उघोग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी |
| | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिम र अभिमुखिकरण प्रदान गर्ने | विषयगत क्षेत्र प्रमुखहरु, स्थानी गै.स.सहरु |
| | खुला स्थानहरु पहिचान गर्ने र जोखिमको स्थितिमा ती स्थानको उपयोग गर्ने योजना बनाउने | स्थानिय आपतकालिन कार्य संचालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, गै.स.सहरु |
| | भण्डारणको लागी घरपालुवा जनावरहरु र जीवन निर्वाह सामाग्रीहरुका लागी सुरक्षित स्थानको पहिचान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति,पशुसेवा शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| न्यून | सम्पूर्ण पूर्वतयारी गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत अगुवा निकाय |

## **५.२ तिन दिनको (३ दिन) पूर्वानुमानद्धारा शुरु हुने पूर्वतयारी र प्रारम्भिक कार्य**

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग कार्यालयद्धारा जारी भएको मौसम पूर्वानुमान बारेमा विषयगत क्षेत्रगत प्रमुख तथा उपप्रमुखहरुलाई जानकारी दिने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, स्थानिय आपतकालिन कार्य संचालन केन्द्र |
| | हरेक विषयगत क्षेत्रका तथा स्थानिय विपद् व्यवस्थापन समितिको समन्वय बैठक बस्ने | स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्र प्रमुखहरु |
| | स्थानिय विपद् व्यवस्थापन समिति र सामुदायिक विपद् व्यवस्थापन समितिको समन्वय बैठक बस्ने | स्थानिय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |

| | | |
|---|---|---|
| | संकटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोलीको पहुँच र स्रोतसाधनको अनुगमन गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय |
| | स्थानीय विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित जोखिमयुक्त बस्ती, गाँउहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन | स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय |
| | जोखिमयुक्त बस्ती, गाँउहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिन सम्म पुग्ने पर्याप्त ड्राई फुड स्थानतरित गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति सुरक्षा निकाय |
| | संकटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण गर्ने क्लोरिन झोल वितरण गर्ने | स्वास्थ्य विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाईटी |
| | ज्येष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिला, बालबालिका तथा समस्यामा परेका मानिसहरुलाई स्थानान्तरण प्रक्रिया शुरु गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय |
| | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारु रुपले कार्यान्वयन भए नभएको अनुगमन गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | कमान्ड पोष्टको विकास गर्ने, संकटासन्न समुदाय तथा परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय |
| | घुम्ती क्लिनिकको स्थापना र परिचालन लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने | स्वास्थ्य विषयगत क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिति |
| | समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति विषयगत क्षेत्र बैठक बस्ने | स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्र प्रमुखहरु, सुरक्षा निकाय |
| मध्यम | गर्भवती महिला, नर्सिङ आमा तथा स्वास्थ्य स्वयंमसेविकाहरुलाई स्वास्थ्य किट वितरण गर्ने | स्वास्थ्य विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाईटी, गै.स.सहरु |
| | खाद्य आपुर्ति भण्डारणका निम्ति पानी नछिर्ने झोला वितरण गर्ने | नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |

| | | |
|---|---|---|
| | महत्वपुर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने झोला (झटपट झोला) वितरण गर्ने | नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |
| | रबरको पञ्जा, बुट आदि जस्ता पानी नछिर्ने कपडा तथा सामाग्रीहरु वितरण गर्ने | नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |
| | अनुगमन तथा मुल्यांकन टोलीको गठन गर्ने | स्थानिय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति |
| न्यून | साधारण पूर्वतयारीमा उल्लेखित सम्पूर्ण गतिविधिहरु र मध्यम स्तर सम्भाव्यताका गतिविधिहरु सम्बन्धित निकायहरुद्धारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |

**<u>५.२ एक दिनको (१ दिन) पूर्वानुमानद्धारा शुरु हुने पूर्वतयारी र प्रारम्भिक कार्य</u>**

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जलमापन केन्द्रहरुसँग नियमित सञ्चार गर्ने र जल स्तरबारे स्थानिय रेडियो तथा एफ.एमहरुलाई सुचना प्रसारण गर्न लगाउने | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानिय आपतकालिन कार्य संचालन केन्द्र |
| | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय बिषयगत क्षेत्रको आपतकालीन बैठक बस्ने | स्थानिय आपतकालिन कार्य संचालन केन्द्र, सुरक्षा निकाय |
| | जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका संकटासन्न जनसमुदायहरुलाई स्थानतरण गर्ने | सुरक्षा निकाय |
| | घरपालुवा जनावरहरुलाई सुरक्षित क्षेत्रमा सार्ने | सुरक्षा निकाय |
| | अस्थायी आश्रयस्थल र शिविरहरुमा पिउने पानी, खाद्यान्न, गैरखाद्य सामाग्री जस्ता सुविधाहरु सहि तरिकाले प्रबन्ध गरिएको सुनिश्चित गर्ने | गै.स.सहरुको समन्वयमा विषयगत क्षेत्र प्रमुखहरु |
| | छोडेर आएका घरहरु, स्थानतरित घरपालुवा जनावरहरु र जिवन निर्वाहका लागी आवश्यक सामाग्रीहरुको सुरक्षा सुनिश्चित गर्ने | पालिका, सुरक्षा निकाय |

| | | |
|---|---|---|
| | अपाङ्ग, ज्येष्ठ नागरिक, स्तनपान गराइरहेका आमाहरु, बालबालिका, महिला आदिलाई विशेष ध्यान दिने | पालिका,संरक्षण विषयगत क्षेत्र, गै.स.सहरु |
| मध्यम | सम्भावित स्तरका लागी सम्पूर्ण गतिविधिहरु सम्बन्धित निकायहरुद्धारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | विपद् प्रभावित जनसंख्यालाई गैरखाद्य, खाद्यन्न र अन्य आवश्यक राहत सामाग्रीहरुको वितरण प्रक्रियाको विकास गर्ने | गै.स.सहरुको सहयोगमा विषयगत क्षेत्र प्रमुखहरु |
| न्यून | सम्भावित स्तरका लागी सम्पूर्ण गतिविधिहरु सम्बन्धित निकायहरुद्धारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |

# परिच्छेदः ६

# आपतकालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

## ६.१ समग्र विपद् जोखिमको सन्दर्भमा

पहाडी भिरालो भूभाग, भौगर्भिक रुपमा राम्रोसँग नबसेको जमिन, त्यसैमाथि २०७२ सालको महाभूकम्प र त्यसपछिका पराकम्पनहरुले समेत यस क्षेत्रको जमिन झन कमजोर भएको छ। विकास निर्माणका सामान्य क्रियाकलाप गर्दा र सामान्य पानी पर्दा समेत यस गाउँपालिकाका धेरै ठाउँहरु पहिरो जाने उच्च जोखिममा रहेका छन् । विगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा हुनसक्ने भूकम्पिय, पहिरो र बाढीजन्य घटना जस्ता विपद्को समयमा प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहयोग उपलब्ध गराउन यस कार्य योजनामा क्षेत्रगत अवधारणा अनुरूप कार्य विभाजन गरिएको छ ।

## ६.२ खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा: गाउँ कार्यपालिका अध्यक्ष

विपद् प्रतिकार्यका लागि सूचना, समन्वय तथा लेखाजोखा क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ। प्रभावित व्यक्ति तथा समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नुपर्छ ।

### विपद्पछिको सम्भावित परिदृश्य

- पहिरो र बाढीको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ पहिरो र बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन्,
- उद्धार, सुरक्षा, राहत वितरण जस्ता मानवीय कार्यका लागि आवश्यक सूचना संकलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुनेछ,
- रातको समयमा भूकम्प, पहिरो र बाढी गएमा ठूलो मानवीय क्षति हुनेछ भने प्रभावितहरुले उद्धार र राहत पाउन कठिन हुनेछ,
- बृहत क्षेत्रमा हावाहुरी आएमा र आगोलागी भएमा उद्धारको अभाव हुनेछ,
- रातको समयमा भूकम्प गएमा व्यापक रुपमा जनधनको क्षति हुनेछ ।
- बाटोहरु अवरुद्ध हुने तथा लुटपाटको अवस्था समेत श्रृजना हुनेछ ।
- समुदायमा रहेका आवश्यक आधारभूत सेवा सुविधाहरु अवरुद्ध हुनेछन् ।

### खोज तथा उद्धार, पूर्वसूचना र समन्वय क्षेत्रको क्षेत्रगत उद्देश्य

खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्रले सूचना संकलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालाहरुलाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य देहायअनुसार हुनेछन्:

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।

२. निर्धारित समयभित्र "बहुक्षेत्र दूत लेखाजोखा विश्लेषण" गर्न आवश्यक समन्वय गर्नु र कार्यदललाई

सहयोगको व्यवस्था मिलाउनु ।
३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
४. नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
५. प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

## आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछ ।

## खोज, उद्धार र समन्वय र सूचना विषयगत क्षेत्र आपतकालीन प्रतिकार्य योजना

| खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारीका कृयाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी निकाय** | **समयावधि** |
| १ | खोज तथा उद्धार टोली आपतकालीन बैठक बस्ने | गाउँपालिका | सुरक्षा निकाय | तत्काल |
| २ | विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक | गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति | तत्काल |
| ३ | खोज उद्धार जनशक्ति र सामग्रीको प्रभावकारी परिचालन | गाउँपालिका | सुरक्षा निकाय | तत्काल |
| ४ | प्राथमिक उपचारको लागि आवश्यक श्रोत साधन तथा जनशक्तिको तत्काल परिचालन | गाउँपालिका | स्वास्थ्य खानेपानी तथा सरसफाइ र पोषण | तत्काल |
| ५ | घाइतेहरुको उद्धार तथा मृतकहरुको तत्काल व्यवस्थापन गर्ने | गाउँपालिका | सुरक्षा निकाय | तत्काल |
| ६ | खोज तथा उद्धारको लागि अन्य सरोकारवाला निकायसँग सहयोग माग गर्ने | गाउँपालिका | खोज उद्धार र समन्वय तथा सूचना विषयगत क्षेत्र | तत्काल |
| ७ | गम्भिर घाइतेहरुलाई थप उपचारको लागि एम्बुलेन्स, हेलीकप्टरको तत्काल व्यवस्था गर्ने | गाउँपालिका | सुरक्षा निकाय | तत्काल |
| ८ | विपद् व्यवस्थापन कोषको परिचालन | गाउँपालिका | गाउँपालिका विपद् व्यवस्थापन शाखा | तत्काल |
| ९ | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रले जिल्ला, प्रदेश र केन्दीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा तत्काल आवश्यक समन्वय गर्ने | गाउँपालिका | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | तत्काल |

## विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना

खोज तथा उद्धार विषयगत क्षेत्रले विपद् प्रतिकार्यका लागि देहाय बमोजिमका पूर्वतयारी कृयाकलाप सञ्चालन गर्नेछ:

| क.स. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १. | विषयगत क्षेत्रको नियमित बैठक बसी मौसमी प्रकोपको पूर्वतयारी गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | हरेक महिना | - |
| २ | सम्भावित विपद् जोखिम क्षेत्रमा सचेतना सहित सर्तकता विस्तार गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति गाउँपालिका सूचना शाखा | नियमित | १,००,००० |
| ३ | बर्षा आउनु पूर्व मौसम विभाग संग सर्म्पक राखी मौसम सम्वन्धि सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने, आवश्यक हाते माइक र साइरनहरु व्यवस्था गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति गाउँपालिका सूचना शाखा | २०८० जेठ भित्र | १,००,००० |
| ४ | हरेक वडामा कम्तिमा एक स्थानमा हेलिप्याड निर्माण तथा व्यवस्थापन गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति गाउँपालिका सूचना शाखा नेपाल रेडक्रस सोसाइटी | २०८० जेठ भित्र | २,५०,००० |
| ५ | वडा स्तरमा विपद् जोखिम क्षेत्रको पहिचान र विपद् जोखिम नक्शांकन गरी सार्वजनिक रुपमा होर्डिङ बोर्ड राख्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति गाउँपालिका सूचना शाखा नेपाल रेडक्रस सोसाइटी | २०८० मसिंर भित्र | १,००,००० |
| ६ | ५० जना युवाहरुका लागि २ चरणमा ३ दिने आधारभूत खोज तथा उद्धार तालिम दिने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | वडा विपद् व्यवस्थापन समिति गाउँपालिका नेपाल रेडक्रस सोसाइटी,सुरक्षा निकाय | २०८० माघ | ५,००,००० |
| ७ | खोज तथा उद्धार प्राथमिक उपचारका सामग्रीहरुको व्यवस्थापन गरी भण्डारणका लागी स्टोर कक्ष निर्माण गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | जिन्सी व्यवस्थापन शाखा, अन्तर्राष्ट्रिय गैससहरु,नेपाल रेडक्रस सोसाइटी | २०८० चैत मसान्त भित्र | ५,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | एम्बुलेन्स /दमकल खरिद गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | स्वास्थ्य शाखा, योजना शाखा | आगामी आर्थिक वर्षको सुरुमा | ५०,००,००० |
| ९ | विपद् जोखिम न्यूनीकरणका लागि अन्तर निकाय समन्वय गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | प्रमुख प्रशासकीय अधिकृत,उपाध्यक्ष | नियमित | - |
| १० | सुरक्षा निकाय,सरकारी तथा गैरसरकारी निकाय तथा स्वयमसेवकहरुको तथ्यांक संकलन गरी अभिलेख राख्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | न्यायिक समिति | २०८० पौष मसान्त भित्र | - |
| ११ | गाउँपालिकामा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सँग सम्बन्धित नीतिगत तथा कानुनी संरचनाहरु व्यवस्थित गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० बैसाख | - |
| १२ | विपद् व्यवस्थापन कोषको स्थायित्वका लागि बजेट विनियोजन गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | प्रमुख प्रशासकीय अधिकृत | आर्थिक वर्ष २०८०/०८१ को सुरुबाट | २५,००,००० |
| १३ | सूचना संकलनका लागी फर्मेट तयारी तथा प्रयोगका लागी तालिम संचालन गर्ने | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | प्रमुख प्रशासकीय अधिकृत | २०८० बैसाख | - |
| १४ | सुरक्षित आश्रय स्थलहरू, निकासी स्थल/मार्गहरूको तथा यातायात सडक संजालहरुको पहिचान तथा नक्सांकन | खोज,उद्धार,सूचना र समन्वय विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | २०८० जेठ भित्र | - |
| १५. | पूर्वसुचना प्रणालीको स्थापना र खोज तथा उद्धारका लागी सुचना आदान प्रदान संयन्त्रको विकास गर्ने | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आर्थिक वर्षको सुरुमा | २,००,००० |
| १६ | विषयगत क्षेत्रहरुको प्रभावकारीता परिक्षण गर्न परिदृष्यमा आधारित कृत्रिम नमुना अभ्यासहरु गर्ने | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | स्थानीय विपद् व्यवस्थापन समिति | २०८० असार भित्र | २,५०,००० |

## ६.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र

### क्षेत्रगत अगुवा: गाउँपालिका स्वास्थ्य शाखा

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्य सम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

### विपद् पछिको सम्भावित परिदृश्य

- व्यक्तिगत तथा सामुदायिक चर्पीहरू क्षतिग्रस्त हुनेछन् र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ,
- खानेपानी प्रणाली, खाने पानीको मुहान तथा स्रोतहरू संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन्,
- सरसफाइको र पानीको अभावका कारण पानीजन्य रोग र महामारीजन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ,
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुनसक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ ।
- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ, रगतमासी, एवं महामारीजन्य रोग, गम्भीर श्वास प्रश्वास सम्बन्धी संक्रमण, ज्वरो, आँखा अथवा छालाका संक्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखाला जस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक कार्यक्रममा अवरोध देखा पर्नेछ ।
- विपद्बाट विस्थापित विशेषगरी बालबालिका, गर्भवती र सुत्केरी महिला, अशक्त तथा जेष्ठ नागरिक र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टे लगायत अन्य किराजस्ता कीटबाट फैलिने कालाजार, डेङ्गु आदिको संक्रमण बढ्ने सम्भावना रहन्छ
- विपद् प्रभावितहरुमा कोभिड १९ को प्रकोप फैलिनसक्ने प्रवल सम्भावना हुन्छ ।

### क्षेत्रगत उद्देश्य

आपतकालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्याधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषण सम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु, पानी तथा कीटाणु वा किराको माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य देहायअनुसार हुनेछन्:

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य रोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु, रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालन जस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र बिरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।
- काभिड १९ को प्रभावलाई नियन्त्रण गरी नियमित अनुगमन र नियमन गर्नु ।

## आपतकालीन प्रतिकार्य योजना

विपद्को समय र विपद्पछिको अवस्थामा जनस्वास्थ्यको रक्षाका लागि स्वास्थ्य तथा पोषण क्षेत्रले देहायका कार्यहरु गर्नेछ ।

| सि नं | ऋवधि | प्रतिकार्यका क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | ० देखि २४ घण्टा | विषयगत शाखाको आकस्मिक बैठक बस्ने | स्वास्थ्य शाखा | तत्काल |
| | | घाइतेहरुको उद्धार गर्न खोज उद्धार सूचना र समन्वय विषयगत क्षेत्रसँग समन्वय गर्ने | खोज तथा उद्धार कार्यदल | तत्काल |
| | | प्राथमिक उपचार गर्ने र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | विपद् ग्रस्त क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना र सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | सुरक्षित पिउने पानीको व्यवस्थापन र वितरण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | पोषणयुक्त खाना उपलव्ध गराउने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| २ | २४ घण्टादेखि ७ दिन | शुद्ध पिउने पानी र प्रभावितहरुको अवस्था अनुसार पोषणयुक्त खानाको निरन्तर प्रबन्ध गर्ने | गाँउपालिका र स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| | | क्षतिको विवरण संकलन गर्ने | गाृउँपालिका, स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | | अस्थायी स्वास्थ्य तथा सरसफाइ शिवीरको संचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी,स्वास्थ्य शाखा | घटना घटेको २ दिन पछिबाट |
| | | खानेपानी शुद्धिकरणका विधि, व्यक्तिगत सरसफाइ र चर्पी प्रयोगको जानकारी दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका | घटना घटेको दिनदेखि नियमित |
| | | पुनर्स्थापना केन्द्रहरुको फोहोर मैला व्यवस्थापन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका | घटना घटेको दिनदेखि नियमित |
| | | घाइते तथा बिरामीको नियमित औषधि उपचारका साथसाथै गर्भवती,सुत्केरी जाँच र परिवार नियोजन सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका | घटना घटेको दिनदेखि नियमित |
| | | आघातमा परेकाहरुका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका | घटना घटेको दिनदेखि नियमित |
| ३. | ७ दिन देखि महिना दिन | मनोसामाजिक परामर्श सेवा सञ्चालन लाई आवश्यकता अनुसार निरन्तरता दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैसस | घटना घटेको दिनदेखि नियमित |

| | | | | |
|---|---|---|---|---|
| | | टोल र बस्तीहरुमा नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, महिला स्वयमसेविका, स्थानीय स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित |
| | | पुर्नस्थापना केन्द्रहरुमा खानेपानी, सरसफाई, तथा पोषणयुक्त खानाको निरन्तरता दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका, स्थानीय स्वास्थ्य संस्था | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | | स्वास्थ्य सेवा सञ्चालनलाई निरन्तरता दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका, आवास तथा स्थानीय स्वास्थ्य चौकी, महिला तथा युवा समुह | घटना घटेको १५ दिन पछि |
| | | सुगर, प्रेसर थाइराइड, मुटुका विमारीहरुको नियमित चेकजाँच तथा आवश्यक औषधिको व्यवस्थापनलाई सहज बनाउने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका, स्थानीय स्वास्थ्य चौकी, महिला तथा युवा समुह | िनयमित |

## प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछ ।

| सि नं | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | विषयगत शाखाको नियमित बैठक बसी अवस्थाको अद्यावधिक गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका विषयक्षेत्रगत अगुवा निकाय | आवश्यकता अनुसार | - |
| २ | द्रुत प्रतिकार्य टोली गठन गरी कार्ययोजना तयार गर्ने | गाउँपालिका स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | माघ मसान्त | - |
| ३ | स्वास्थ्य उपकरण व्यवस्थापन र भण्डारण गर्ने । | स्वास्थ्य शाखा | गाउँपालिका स्वास्थ्य शाखा | माघ मसान्त | २,००,००० |
| ४ | आवश्यक औषधि तथा प्राथमिक उपचार तथा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका स्वास्थ्य शाखा | आवश्यकता अनुसार | २,००,००० |
| ५ | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | माघ मसान्त | ३,००,००० |
| ६ | आपतकालीन शौचालयको सामग्री व्यवस्थापन गर्ने | स्वास्थ्य शाखा | योजना शाखा,स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | फागुन मसान्त भित्र | ५,००,००० |
| ७ | हरेक वडाका १० जना युवाहरुलाई क्षमता विकासका प्राथमिक उपचार तालिम दिने | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा र नेपाल रेडक्रस सोसाइटी | माघ मसान्त भित्र | ५,००,००० |
| ८ | विपद् पूर्वतयारीका लागि अन्तर विषयक्षेत्रगत समन्वय गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका विषयक्षेत्रगत अगुवा निकाय | माघ फागुन मसान्त भित्र मसान्त | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | CRRT परिचालनको तयारीका लागि नियमित बैठक बस्ने | स्वास्थ्य शाखा | गाउँपालिका विषयक्षेत्रगत अगुवा निकाय | निरन्तर | - |
| १० | संकटासन्न समुहको पहिचान गरी सुचिकरण गर्ने | स्वास्थ्य शाखा | योजना शाखा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | २०८० बैसाख | - |
| १२ | फोहोर मैला विसर्जनका लागि उचित स्थानको पहिचान गरी सुचि तयार गर्ने | स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०८० बैसाख | - |
| १३ | स्थानीय स्वास्थ्य स्वंयम सेवकको सूचि तयार गरी क्षमता विकास गर्ने | स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | २०८० बैसाख | - |
| १४ | शव व्यवस्थापनको लागि कार्यविधि निर्माण गर्ने | स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, स्थानिय विपद् व्यवस्थापन समिति | २०८० जेठ | - |
| १५ | विषयगत क्षेत्रहरुको प्रभावकारीता परिक्षण गर्न परिदृष्यमा आधारित कृत्रिम नमुना अभ्यासहरु गर्ने | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र | स्थानीय विपद् व्यवस्थापन समिति | २०८० असार भित्र | २,५०,००० |

## कोभिड १९ तथा स्वास्थ्य जोखिम (सरुवा रोगहरु) प्रतिकार्यका लागी पूर्वतयारी योजना

| सि.नं | प्रतिकार्यका क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | सम्भावित स्वास्थ्य जोखिमहरु बारेमा टोल र बस्तीमा सचेतना क्रियाकलाप गर्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित | २,५०,००० |
| २ | सम्भावित सरुवा रोग रोकथाम तथा उन्मुलनका लागी खोप कार्यक्रम संचालन | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित | २,५०,००० |
| ३ | स्वास्थ्य स्वंयमसेवकहरुलाई सम्भावित सरुवा रोग रोकथाम सम्बन्धि क्षमता अभिवृद्धि तालिम | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित | ३,००,००० |
| ४ | सरुवा रोग प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन | गाउँपालिका | स्वास्थ्य शाखा | २०७८ वैशाख मसान्त | - |

## ६.४ संरक्षण विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा: आरुघाट  गाउँपालिका महिला तथा बालबालिका शाखा

विपद्बाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ। विशेषगरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती र सुत्केरी महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

### विपद् पछिको अनुमानित परिदृश्य

- जोखिमपूर्ण अवस्थाको सामना गरिरहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको संख्या धेरै हुनेछ ।

- संरक्षण गर्नुपर्ने महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन् ।
- महिला, किशोरी तथा बालिकाहरुमा हिंसाका घटनाहरु हुनसक्नेछन् ।

### क्षेत्रगत उद्देश्य

महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई  हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा प्रभावितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी देहायअनुसार कार्य गर्नेछः

| संरक्षण विषयगत क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **ऋवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | संरक्षण क्लष्टरको आकस्मिक वैठक वस्ने | महिला बालबालिका तथा समाज कल्याण शाखा | तत्काल |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको अवस्था अद्यावधिक गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा | तत्काल |
| | हराइरहेका वालवालिका, महिला, अपांगता भएका , जेष्ठ नागरिकहरुको खोज तथा उद्धार क्लष्टर संग समन्वय गरी खोजी गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा राख्ने र तयारी खाना पुगे नपुगेको भेदभाव भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र आवास तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | एम्बुलेन्स सेवा, आपत्कालिन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था भए नभएको निरीक्षण गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | जोखिममा रहेका महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई तत्काल आवश्यक पर्ने राहत सामग्री  उपलब्ध गराउन  सहजीकरण गर्ने । विशेषगरी अति जोखिममा रहेको समुहलाई केन्द्रित गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी सरसफाई तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने र निगरानी समूह परिचालन गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक स्वरपको द्रूत लेखाजोखा गर्ने (Initial Rapid Need Assessment-IRNA) | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | मानव बेचविखन र अपहरण जोखिम न्युनिकरणका लागि गाउँपालिका क्षेत्रका सिमा नाकाहरुमा सुरक्षा चेक जाँच गर्न सुरक्षा निकायसँग समन्वय गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | संरक्षण विषयगत क्षेत्रको  बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | अस्थायी शिविरहरु वालमैत्री, महिला मैत्री र अपांगता मैत्री भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | यथाशिघ्र द्रुत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई आवश्यकता अनुसार औषधी, पोषण सामाग्री, खाद्दान्न तथा नगद वितरण गर्न सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावित स्थानमा वा शिविर संचालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको व्यवस्था मिलाउन सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यन्न लगायत न्यूनतम मानविय सहयताका सामग्री जुटाउन सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउदा सम्म |
| | विपद् प्रभावितहरुको बहुमुल्य सर समानको सूरक्षा गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थिति नियन्त्रणमा नआउदा सम्म |
| | प्रभावित महिला, वालवालिका तथा किशोरकिशोरीहरुलाई हुन सक्ने हिंसा, यौनहिंसा सम्वन्धि निगरानी समुह मार्फत राख्ने | संरक्षण विषयगत क्षेत्र | स्थिति नियन्त्रणमा नआउदा सम्म |
| ७ दिन देखि महिना दिन | प्रभावित महिला, वालवालिका तथा किशोरकिशोरीहरुलाइ दुरुपयोग र वेचविखन हुन सक्ने पक्षवारे जनचेतना अभिवृध्दि गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | हराएका छुट्टिएका वालवालिकाहरु छन् भने आमावावुसंग पुनर्मिलन गराउने | संरक्षण विषयगत क्षेत्र | उपलब्ध भएको ७ दिन भित्र |
| | सुरक्षित गृहको व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | मनोसामाजिक समस्या भएका महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई मनोसामाजिक परामर्श दिने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउदा सम्म |
| | स्थानीय क्लव, निगरानी समुह, गाउंपालिका र नेपाल प्रहरीले निरन्तर बाहिरबाट आउने व्यक्तिहरु मथि निगरानी राख्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | निरन्तर निगरानी, जनचेतना अभिवृध्दि, अनुगमन र मुल्यांकन गरी आवश्यकता अुनसार थप सहयोग गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउदा सम्म |
| | विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भएनभएको समीक्षा गरी प्रतिवेदन तयार गर्न विपद् व्यवस्थापन सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेका १ महिना पछि |

## संरक्षण विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन संरक्षण विषयगत क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछ ।

| सि नं | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | संरक्षण विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को अवस्था विश्लेषण गर्ने । | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा | हरेक महिनाको अन्तिममा | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बालबालिका शाखा, महिला तथा बाल संजालहरु | | |
| २ | महिला, बालबालिका, किशोर किशोरी तथा अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन र अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु | २०८० वैशाखमसान्त भित्र | - |
| ३ | संरक्षण विषयगत क्षेत्रमा कार्यरत गाउँपालिकाभित्रका संघसंस्थाको सुचि तयार गरी हरेकको सम्पर्क नम्बर अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु | २०८० वैशाख मसान्त भित्र | - |
| ४ | संरक्षण विषयगत क्षेत्रका सदस्य र संघ संस्थाका प्रतिनिधिहरु ९० जनालाइ ३ दिनको मनामेसामाजिक परामर्श तालिम सञ्चालन गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु, गै.स.स | २०८० फागुन मसान्त | ७,००,००० |
| ५ | विपद्को समयमा हुनसक्ने हिंसा र दुर्व्यवहार नियन्त्रण गर्न निगरानी समूह गठन गरी क्षमता विकास गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु | २०८० चैत्र मसान्त | ५,००,००० |
| ६ | महिला समूह, बालक्लब, अपांग समूहका सदस्यहरुलाई विपद् जोखिम न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु, गै.स.स | २०८० असार भित्र | ५,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | महिलाहरुको लागि अत्यावश्य स्यानीटरी प्याडको व्यवस्थापन र भण्डारण गर्ने । | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु | २०८० मंसीर मसान्त | २,५०,००० |
| ८ | विपद्को समयमा अभिभावक गुमाएका बालबालिका तथा किसोर किसोरीहरुको संरक्षणका लागि सरोकारवाला निकायसँग अन्तरक्रिया गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु, गै.स.स | २०८० भदौ | २,००,००० |
| ९ | विपद्को समयमा हुनसक्ने आपराधिक क्रियाकलाप न्यूनीकरणका लागि सचेतना मुलक कार्यक्रम संचालन गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थानिय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, महिला तथा बाल संजालहरु, गै.स.स | २०८० जेठ | २,००,००० |
| १० | अपाङ्गता भएका प्रभावितहरुको लागी अपाङ्गसुरक्षित आश्रयस्थलहरुको पहिचान तथा सुचिकरण | संरक्षण विषयगत क्षेत्र | विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु | २०८० असार | - |
| ११ | १ वर्ष मुनिका शिशुहरुलाई आवश्यक पर्ने पौष्टिक आहाराका सामाग्रीको भण्डारण गर्ने | संरक्षण विषयगत क्षेत्र | विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयगत क्षेत्रहरु, महिला तथा बालबालिका शाखा, गै.स.स | २०८० असार | ३,००,००० |

## ६.५ आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा: गाउँपालिका उपाध्यक्ष**

आवास तथा गैरखाद्य विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड स्फियर मापदण्ड अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नुपर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नुपर्ने हुन्छ । यसको लागि विद्यालय, मन्दिर, चर्च, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नुपर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्था गर्नुपर्ने हुन्छ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लेखित मानवीय सेवा उपलब्ध गराउँछ ।

## विपद् पछिको सम्भावित परिदृश्य

- विपद्बाट संकटासन्न वडाका अधिकांश गाउँ संकटमा हुनेछन् ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडा बाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिबिरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसंख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका, जेष्ठ नागरिक र बिरामी तथा गर्भवती महिलाहरु अरु बढी समस्यामा पर्नेछन्,
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।
- बाढीबाट अधिकांश गाउँ प्रताडित घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।

## क्षेत्रगत उद्देश्य

आवास तथा गैरखाद्य विषयगत क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, लताकपडा उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य देहायअनुसार रहेका छन्

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितहरुको समानुपातिक पहुँच गराउनु ।

## आपत्कालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव आवास तथा गैरखाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | | | |
|---|---|---|---|
| **ऋवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | गैर खाद्य र आवास क्लष्टरको आकस्मिक वैठक वोलाउने र घटनाको अवस्था विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र संग प्रभावित क्षेत्रको सुचना संकलन तथा अद्यावधिक गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितहरुलाई तत्काल सुरक्षित स्थलमा स्थानतरण गर्ने | सुरक्षा निकाय आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | अस्थायी आवास स्थलहरुमा कम्वल, ब्ल्यान्केट, ओढने ओछ्याउने सामाग्रीहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | पुर्नस्थापितहरुको वर्गिकरण गरी पुर्नस्थापना केन्द्रमा पठाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | तत्काल शिविरको व्यवस्थाको चांजोपांजो मिलाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित स्थिति साम्य नहुञ्जेल |
| | अपांगता भएका व्यक्तिहरुका लागि ह्विल चेयरहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार |
| | प्रभावितलाई न्यानो कपडा, महिलाको लागि आन्तरिक कपडा, स्यानीटरी प्याडको व्यवस्था गर्ने, वालवालिकाकोलागि भोटो, टोपी वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ि नियमित |
| | गर्मी मौसममा झुलको वितरण गर्ने र जाडो मौषममा न्यानो कपडा वितरण गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सुचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ि नियमित |
| | अस्थाइ आवास निर्माणका लागी सर्वेक्षण टोली निर्माण गरी खटाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ि नियमित |
| | अस्थाइ आवास निर्माणमा विषयगत क्षेत्रका सदस्य तथा स्वय सेवक समूह परिचालन गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्रारम्भिक स्वरपको द्रूत लेखा जोखाको (Initial Rapid Need Assessment-IRNA) प्रतिवेदन अध्ययन गर्ने र सो अनरुप आगामी नयाँ कार्यक्रम सहित निर्णय लिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | थप प्रभावितहरुलाई अस्थाई आश्रय केन्द्रहरुमा पठाउने कार्यलाई निरन्तरता दिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | आश्रयस्थलमा शौचालय, खानेपानी, औषधि उपचारको व्यवस्थापनका लागि स्वास्थ्य,खानेपानी सरसफाई र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | आश्रयस्थलमा खाद्यान्न आपुर्तिको लागि खाद्य तथा कृषि विषयगत क्षेत्रसँग सहकार्य गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको दिन बाट |
| | प्रभावितहरुको लागि आवश्यक पर्ने भांडावर्तनहरु, दाउरा तथा ग्यांस चुलो वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |

| | | | |
|---|---|---|---|
| | अपांगता भएका, एकल महिला र पुरुषको अलग र विशेष प्रकारको आश्रयस्थलको प्रबन्ध मिलाउने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ियमित |
| | विपदबाट आघात भएका मानिसहरुलाई आश्रयस्थलमै मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थाका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ियमित |
| ७ दिन देखि महिना दिन | आवश्यकता अनुसार डिग्नीटी किट, वेवी किटहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | क्षतिको लेखाजोखा र विष्लेषण गरी थप सहायता परिचालन गर्ने | | |
| | खाद्य तथा आवासको अनुगमन गरी आवश्यकता अुनसार थप सामाग्रीहरु उपलव्ध गराउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को वीच |
| | आवश्यकता अनुसार प्रभावितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटनाको ७ दिनदेखि १५ दिन भित्र |
| | पुर्नस्थापितहरुलाई स्थायी बसोबासका लागि सिफारिस गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित |
| | बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि गाउँपालिका शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि महिना दिनसम्म |
| | व्यवस्थित बस्ती विकास गर्न प्राविधिक अध्ययनका लागि सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | १ महिना पछि |
| | भौतिक संरचना पुननिर्माणमा आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता महासंघ लाई सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ियमित |

## प्रतिकार्यका लागि पूर्वतयारी

आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछ ।

| सि नं | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्रको नियमित बैठक बसी आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री उपलब्धताका क्षेत्रहरुको पहिचान गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरु | त्रैमासिक | - |
| २ | सुरक्षित आवासस्थलमा आधारभुत पुर्वाधारको विकास गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरु | २०८० पौष मसान्त | ५,००,००० |
| ३ | सुरक्षित आवास क्षेत्र निर्माण गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामाग्रीहरु त्रिपाल, | आपतकालीन आश्रय तथा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् | निरन्तर | ५,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | किला, कांटी, डोरी, तयारी अवस्थामा राख्ने | गैरखाद्य विषयगत क्षेत्र | व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरु | | |
| ४ | लत्ताकपडा, ज्याकेट, टर्च, ग्यांस चुलो, भांडावर्तन, झुल, प्लाष्टिक, कम्वल, ओढने ओछयाउने खरिद गरी भण्डारण गरी राख्ने करीव १०० घर परिवारलाई | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरुउद्योग बाणिज्य संघ | निरन्तर | ८,००,००० |
| ५ | अपांगता भएका व्यक्तिहरुको लागि ह्वील चेयर, चस्मा, लौरो जस्ता सामाग्रीहरु भण्डार गरी राख्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरुउद्योग बाणिज्य संघ | निरन्तर | - |
| ६ | डिग्नीटी किट, वेवी किटहरु संकलन गरी भण्डार गरी राख्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गै.स.सहरु, उद्योग बाणिज्य संघ | निरन्तर | ५,००,००० |

## ६.६ शिक्षा विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा: गाउँपालिका शिक्षा शाखा**

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो र विपद्बाट उत्पन्न हुने आपतकालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अतः स्थानीय विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

### विपद् पछिको परिदृश्य

- धेरै विद्यार्थी विस्थापित तथा प्रभावित हुने,
- प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसिक तनाव हुने, मनोसामाजिक समस्या हुनसक्ने देखिन्छ,
- विद्यार्थी विद्यालय शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्यपुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अवरुद्ध हुनेछ,
- विद्यालयको भौतिक संरचना नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुनसक्ने सम्भावना रहनेछ ।
- विपद्मा अभिभावक गुमाएका बालबालिकाहरुको विद्यालय छोड्ने दरमा एक्कासी बृद्धि हुनसक्छ ।

## शिक्षा विषयगत क्षेत्रगत उद्देश्य

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपतकालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

## आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा आपतकालीन शिक्षा कार्यदलले देहायअनुसार आपतकालीन कार्य गर्ने निर्धारण गरिएको छ ।

| प्रतिकार्य योजना शिक्षा विषयगत क्षेत्र | | | |
|---|---|---|---|
| **ऋवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | शिक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | विब्यस र शैक्षिक सरोकारवालासँग समन्वय गर्ने । | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितहरुको शिघ्र उद्धार कार्यमा खोज तथा उद्धार, सुचना र समन्वय विषयगत क्षेत्रलाई सहयोग गर्ने । | शिक्षा विषयगत क्षेत्र | तत्काल अवाश्यकता अनुसार |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउन खोज उद्धार ,सुचना र समन्वय कार्यदललाई सहयोग गर्ने | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | स्थानीय विपद् व्यवस्थापन समितिले खटाएको ठाउँमा सदस्यहरु परिचालन गर्ने । | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | सामान्य घाइतेहरुको प्राथमिक उपचार र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउन सहयोग गर्ने । | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | आपतकालीन पुनर्स्थापनाका लागि विद्यालय बन्द गर्ने | शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन संरक्षण विषयगत क्षेत्रमा रिफर गर्ने | शिक्षा विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| २४ घण्टादेखि ७ दिन | शिक्षा क्षेत्रमा भएको भौतिक क्षतिको तथ्यांक संकलन गर्ने | शिक्षा विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | आवश्यकता अनुसार समुदायमा मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | शिक्षा विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | प्रभावित शिक्षक विद्यार्थीहरुको तथ्यांक संकलन गरी अभिलेख तयार गर्ने । | शिक्षा विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | अस्थाई सिकाई केन्द्र निर्माणका लागि श्रोत साधनको परिचालन गर्ने | शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | शिक्षकहरुका लागि आपतकालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | शिक्षा विषयगत क्षेत्र | घटना घटेका १ हप्ता पछि |
| | अस्थाइ सिकाइ केन्द्रहरुमा छात्रा विद्यार्थीहरुमाथि हुन सक्ने हिंशा न्युनिकरणका लागि शिअसंघका अध्यक्षको संयोजकत्वमा विद्यालय सुरक्षा संयन्त्र निर्माण गर्ने । | शिक्षा विषयगत क्षेत्र | घटना घटेका १ हप्ता पछि |
| ७ दिन देखि महिना दिन | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | वैकल्पिक माध्यमवाट सिकाइ सुरु गर्ने | शिक्षा विषयगत क्षेत्र | |

| | | | |
|---|---|---|---|
| | बालवालिकाहरुलाई विधालयमा फर्किन अभिभावकहरुसंग समुदायमा छलफल गर्ने | शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित १० दिन सम्म |
| | पेशागत संघ संगठनका प्रतिनिधिहरुसँग विद्यालय सञ्चालनका लागि अन्तरक्रिया गर्ने । | शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | विपद् प्रभावित विद्यार्थीहरुको आस्था र आवश्यकता अनुसार विद्यालय पोषाक, पाठ्यपुस्तक र स्टेशनरीका सामग्रीहरु वितरण गर्न विभिन्न सरोकारवा निकायसँग समन्वय गर्ने । | शिक्षा विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | विद्यालय हाता सरसफाइ गरी डेस्क वेन्च, शौचालय, खानेपानीको अस्थायी व्यवस्था मिलाउने | सम्बन्धित विद्यालय तथा वि.व्य.स | |
| | बालवालिकाहरुलाई मनोरंजनात्मक क्रियाकलापहरु संचालन गर्ने | विद्यालय, विब्यस | विद्यालय खुलेको १ हप्ता घटना घटेका ७ दिन पछि |
| | विद्यालयमा जाने आउने बाटोहरु विग्रेको छ भने मर्मत गर्ने | सम्बन्धित विद्यालय तथा वि.व्य.स | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | गम्भिर प्रकृतिको अवस्था बाहेक विपद्को १० दिनबाट विद्यालय सञ्चालन गर्न आवहान गर्ने | गाउँपालिका शिक्षा शाखा, सम्बन्धित विद्यालय तथा वि.व्य.स | विपद्को १० दिनपछि |

## प्रतिकार्यका लागि पूर्वतयारी

आपतकालीन शिक्षा क्षेत्रले आपत्कालीन प्रतिकार्य योजनाको कार्यान्वयनको लागि समितिसँग समन्वय गरी देहायअनुसार पूर्वतयारी गर्नेछ ।

| सि.नं | पूर्वतयारी कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी | समयावधि | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | शिक्षा विषयगत क्षेत्रको नियमित बैठक सञ्चालन गर्ने | गाउँपालिका शिक्षा शाखा | शिक्षा विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार | - |
| २ | सुरक्षित र कम जोखिमयुक्त स्थानमा बिद्यालय भवन निर्माण गर्न सहजीकरण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | नियमित | - |
| ३ | विपद् व्यवस्थापन विषयमा विद्यार्थी, शिक्षक, वि.व्य.स.र अभिभावकलाई अभिमुखीकरण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार | ३,००,००० |
| ३ | गाउँपालिकाका हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति निर्माण गर्न सहजीकरण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | - |
| ४ | हरेक विद्यालयमा सुरक्षित विद्यालय विपद् व्यवस्थापन सम्पर्क ब्यक्ति तोक्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय | २०८० बैशाख | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विपद् व्यवस्थापन समिति | | |
| ५ | विद्यालयहरुका संरचनाहरुको विपद् जोखिम अवस्थाको लेखाजोखा गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | - |
| ६ | अस्थायी सिकाई केन्द्र निर्माणका लागि सुरक्षित स्थानको पहिचान र सुचिकरण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | - |
| ७ | हरेक विद्यालयमा उद्धार सामग्री सहितको प्राथमिक उपचार कक्ष व्यवस्थापन गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | ५,००,००० |
| ८ | विभिन्न संघसंस्था, एम्बुलेन्स, सुरक्षा निकाय, स्थानीय सरकार तथा जिल्लास्थित कार्यालयहरुको सम्पर्क विवरण तयार र अद्यावधिक गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति , विब्यस, विद्यालय | २०८० बैशाख | - |
| ९. | हरेक विद्यालयको गैरसंरचनात्मक जोखिम अल्पिकरण गर्न विब्यससँग समन्वय गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | - |
| १०. | हरेक विद्यालयमा प्रकोप पात्रो निर्माण गरी विद्यालय, शिक्षक र समुदायमा विपद् सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | - |
| ११. | अस्थाई सिकाई केन्द्र निर्माणका लागि आवश्यक त्रिपाल, जस्तापाताहरुको ब्यवस्थापन र भण्डारण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० बैशाख | ५,००,००० |
| १२. | बृहत्तर विद्यालय सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा सहजीकरण गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति , विब्यस,विद्यालय | २०८० बैशाख | - |
| १३. | कृत्रिम घटना नमुना अभ्यास तालिम संचालन र नियमित गर्न प्रोत्साहित गर्ने | गाउँपालिका शिक्षा शाखा | विषयगत क्षेत्रका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समिति , विब्यस,विद्यालय | आवश्यकता अनुसार | १,००,००० |

## ६.७ खाद्य तथा कृषि विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा: गाउँपालिका कृषि शाखा**

**विपद्को सम्भावित परिदृष्य्** :

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी,
- खाद्यान्नप्रतिको घट्दो पहुँच,
- बिस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्न वितरण सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा तीव्र खाद्य असुरक्षा हुने ।

**क्षेत्रगत उद्देश्य** :

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।
- प्रभावितहरुको खाद्यसुरक्षाका लागि अन्तरनिकाय समन्वय छलफल गर्ने,
- आपतकालीन अवस्थामा प्रभावितहरुको लागि यथाशिघ्र खाद्यान्न उपलब्ध गराउने,
- जीवनरक्षा सम्बन्धी रणनीतिहरूका लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने,
- दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा आम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

### आपतकालीन प्रतिकार्य योजना

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउन' यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले  देहायअनुसार काम गर्नेछः

| खाद्य तथा कृषि विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **ऋवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | खाद्य तथा कृषि क्लष्टरको आकस्मिक वैठक बस्ने । | गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | खाद्य तथा कृषि विषयगत क्षेत्रको अगुवाईमा सुचना संकलन तथा सहयोगा डेस्क स्थापना गर्ने | गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | विपद्वाट प्रभावितहरुको लागि तत्कालको लागि चाउचाउ, विस्कुट, चिउरा, दालमोठ जस्ता तयारी खाना  वितरण गर्ने | गाउँपालिका कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | महिला, वालवालिका र जेष्ठ नागरिकको लागि विस्कुट, लिटो, दुध वितरण गर्ने र पोषणयुक्त खाना पुगे नपुगेको सुनिश्चित गर्ने | गाउँपालिकाकृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | खाद्य सामाग्रीहरु वितरण गर्दा मिति नसकिएको, राम्ररी प्याक गरिएको र हावा नछिरेको सामाग्रीहरु वितरण गर्ने | गाउँपालिकाकृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | कृषि तथा खाद्य विषयगत क्षेत्रको राहत वितरण एकद्वार नीति अवलम्बन गर्ने । | गाउँपालिका, खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |

| | | | |
|---|---|---|---|
| | विपद्ग्रस्त क्षेत्रमा अस्थाई राहत भण्डारण केन्द्र स्थापना गरी राहत उपलब्धतामा सर्वसुलभता कायम गर्ने । | गाउँपालिका, कृषि विकास शाखा | स्थिति सहज नहुदासम्म |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सुचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक स्वरपको द्रूत लेखा जोखा गर्ने (Initial Rapid Need Assessment-IRNA) | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | कृषि तथा पशुधनको क्षति मुल्यांकन गरी मृत पशु व्यवस्थापनका गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | जिवित पशुधनको सुरक्षित स्थानान्तरण गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | खाद्यान्न सहयोग आवहान गरी क्षतिको अवस्था हेरी राहत वितरण गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | महिला, वालवालिका र जेष्ठ नागरिककोलागि अण्डा, लिटो, दुध,जुस, फलफुल उपलव्ध अनुसार वितरण निरन्तरता दिने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | वितरण कार्य व्यवस्थित गर्न स्वयंसेवकहरुलाई परिचालन गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | घाइते घरपालुवा पशु पंछीहरुको उपचार गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | वीउ सुरक्षाका लागि विभिन्न सञ्चारका साधन मार्फत सुचना, जारी गरिरहने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | कृषि बीउविजन तथा पशुजन्य सहयोग गरी कृषि उत्पादन पुर्नस्थापना गर्न सहयोग गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | विपद्बाट प्रभावितहरुको विस्तृत तथ्यांक संकलन गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को वीच |
| | राहत प्रदान गर्ने निकायहरुसंग समन्वय गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि परिचय पत्र वितरण गर्ने कार्य गर्ने | गाउँपालिका | ७ दिनदेखि |
| | खाद्यान्न तथा विशेष अवस्थाका प्रभावितहरुलाई आवश्यकता अनुसार वैंकमार्फत नगद हस्तान्तरण गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | आवश्यकता अनुसार थप खाद्दान्नको व्यवस्था गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १५ निद देखि महिना दिनसम्म |
| | अनुगमन गर्ने र थप सुधारका कार्यहरु गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १ महिना पछि |
| | साना सिंचाई आयोजनामा सहयोग तथा मर्मत गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १ महिना पछि |
| | जीविकोपार्जनको सहजताका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १ महिना पछि |

## खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्पूर्वको समयमा सम्भावित विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु तथा बीउविजनको पूर्वतयारी गर्नु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछ ।

| खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी | | | | | |
|---|---|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुमानित लागत** |
| १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको नियमित बैठक गर्ने । | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन समिति | त्रैमासिक | - |
| २ | ड्राइ फुड र प्याकेजिङ खाना पाइने स्थान पहिचान गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन समिति | २०८० जेठ मसान्त भित्र | - |
| ३ | सम्भावित विपद् जोखिममा रहेका समुदायहरुको पहिचान गरी खाद्यान्न व्यवस्थापन गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति | २०८० चैत्र मसान्त भित्र | - |
| ४ | गाउँपालिकाका सवै वडामा तरकारी तथा खाद्यान्न बालीको बीउ भण्डारण गर्ने । | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार निरन्तर | - |
| ५ | समयमै मलखाद्य तथा बिषादीको उपलब्धताको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने । | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, उद्योग वाणिज्य महासंघ | निरन्तर | - |
| ६ | गाउँपालिकामा अवस्थित जोखिमपूर्ण सिंचाई योजनाहरुको लगत लिई निर्माणका लागि सामग्री तयार गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा, स्थानीय विपद् व्यवस्थापन | २०८० फागुन मसान्त भित्र | ५,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समिति, वडा विपद् व्यवस्थापन समिति, डिभिजन सिंचाई कार्यालय | | |
## स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि (नमूना)

**प्रस्तावना:** भौगोलिक, भौगर्भिक, सामाजिक तथा आर्थिक र अव्यवस्थित वस्ती विकासजस्ता कारणले बढ्दै गएको विपद्को जोखिमलाई न्यूनीकरण गर्दै ............ गाउँपालिका/नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुन सक्ने विपद्बाट सर्वसाधारणको जीउज्यान तथा सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्दै आपत्कालीन समयमा नागरिकको तत्कालै खोज तथा उद्धार गरी सहयोगको सुनिश्चितताका लागि ................ गाउँपालिका/नगरपालिका आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

.............. गाउँपालिका/नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा (२) को खण्ड (ट) ले दिएको अधिकार प्रयोग गरी स्थानीय विपद् व्यवस्थापन समितिले बनाएको कार्यसञ्चालन विधि ......... गाउँ कार्यपालिका /नगर कार्यपालिकाले स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद - १

### परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यसञ्चालन विधिको नाम "................ गाउँपालिका / नगरपालिका आपतकालीन कार्यसञ्चालन विधि, २०७..." रहेको छ ।

(२) यो कार्यसञ्चालन विधि नगर/गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यसञ्चालन विधिमा,-

(क) "अध्यक्ष/प्रमुख" भन्नाले गाउँ/नगर कार्यपालिकाको अध्यक्ष/प्रमुखलाई जनाउँछ ।

(ख) "आपतकालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन तत्कालै उद्धार गर्नुपर्ने प्राकृतिक वा गैरप्राकृतिक प्रकोपको अवस्था सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) “केन्द्र” भन्नाले दफा ३ बमोजिम गठन भएको................गाउँपालिका/नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ ।

(ङ) “विपद् व्यवस्थापन समिति” भन्नाले ...........गाउँ/नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) “स्थलगत सर्वेक्षण” भन्नाले गाउँपालिका/नगरपालिकाद्वारा गठित टोली वा गाउँपालिका/नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफल समेत गरी सूचना संकलन मार्फत गरिएको सर्वेक्षणलाई सम्झनु पर्छ ।

(छ) “सरोकारवाला” भन्नाले गाउँ/नगर कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

(ज) “सरोकारवाला निकाय” भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् व्यवस्थापनमा सहयोग गर्ने वा गर्न सक्ने सरकारी, गैर सरकारी र सामुदायिक संघ संस्थालाई सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र संघीय वा अन्य अन्तर्राष्ट्रिय संघ संस्थालाई समेत जनाउँछ ।

(झ) “सामुदायिक संस्था” भन्नाले गाउँपालिका/नगरपालिका क्षेत्रभित्र गठन भई गाउँपालिका/नगरपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्था सम्झनु पर्छ ।

(ञ) “संरचना” भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज, पर्खाल, सडक, सामुदायिक तथा सार्वजनिक भवन, पुल जस्ता स्थायी रुपले निर्माण भएका भौतिक संरचना सम्झनु पर्छ ।

## परिच्छेद - २

## केन्द्र तथा काम, कर्तव्य र अधिकार

३. **केन्द्रको कार्यगत संरचनाः** (१) गाउँपालिका/नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र विपद व्यवस्थापन समितिको निर्देशनमा सञ्चालित हुनेछ ।

(२) केन्दको कार्यगत संरचना अनुसूची-१ बमोजिम हुनेछ ।

४. **केन्द्रको कार्यक्षेत्र**: (१) केन्द्रको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन समितिबाट तयार योजना तथा कार्यक्रमको अधीनमा रही कार्य गर्ने,

(ख) आफ्नो क्षेत्रभित्र विपद् पूर्वतयारी सम्बन्धी कार्य गर्ने,

(ग) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वसूचना संकलन, विश्लेषण र प्रवाह गर्ने,

(घ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी अवस्थामा राख्ने तथा सञ्चालन गर्ने/गर्न लगाउने,

(ङ) स्थानीय विपद् व्यवस्थापन समिति र वडा स्तरमा यस्तो समिति भएमा सो समितिसँग प्रत्यक्ष समन्वय र सहकार्यमा अन्य कार्यहरु गर्ने गराउने,

(च) विपद् व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु ।

५. **केन्द्रको काम, कर्तव्य तथा अधिकारः** (१) केन्द्रले आफ्नो कार्यक्षेत्रभित्र विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछः-

(क) आफ्नो क्षेत्रभित्र विपद्जन्य घटनाबाट हुनसक्ने वा भएको क्षतिको जानकारी प्राप्त हुनासाथ केन्द्रको आन्तरिक बैठक बस्नु पर्नेछ र सोको जानकारी विपद् व्यवस्थापन समितिलाई दिने,

(ख) विपदका घटना भईहालेको अवस्थामा बैठक बस्नु पहिले नै खोज तथा उद्धार गर्न नजिकको सुरक्षा निकाय र विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने,

(ग) बैठकले कार्यक्षेत्रभित्रको अवस्था विश्लेषण गरी विपद् व्यवस्थापन समितिसँग विपद् प्रतिकार्यमा सक्रिय हुने विषयगत क्षेत्रलाई सक्रिय बनाउन अनुरोध गर्ने,

(घ) आवश्यकता बमोजिम शीघ्र पुनर्लाभका कार्य सञ्चालन गर्न आवश्यक स्रोत व्यवस्था तथा कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिकाको स्रोत परिचालन गरी तोकिएको निकायसँग समन्वय गर्ने,

(ङ) स्थानीय तहको सम्पर्क तथा समन्वय बिन्दुको रूपमा काम गर्ने,

(च) मानवीय सहायता सम्बन्धी सबै प्रकारका कार्य गर्न वा गराउन सहयोग र सहजीकरण गर्ने,

(छ) आवश्यकता अनुसार जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला आपतकालिन केन्द्र तथा अन्य आपतकालीन कार्य सञ्चालन केन्द्र र तालुकदार निकायसँग समन्वय गर्ने,

(ज) आफ्नो कार्यक्षेत्रभित्रका घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कको विपद् व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी अद्यावधिक गर्ने र गाउँपालिका/नगरपालिका तथा सरोकारवाला निकायलाई उपलब्ध गराउने,

(झ) आफ्नो कार्यक्षेत्रभित्र क्षमता विकास क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने वा गर्न लगाउने,

(ञ) विपद्को सामना गर्न गाउँपालिका/नगरपालिकाको साधन-स्रोत र क्षमताबाट संभव नभएमा जिल्ला, प्रदेश, केन्द्र र साझेदार संस्थाहरुबाट सहयोग माग गर्ने,

(ट) केन्द्रमा प्राप्त सबै प्रकारका सूचनाहरू तत्काल प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने,

(ठ) विपद् व्यवस्थापन समितिद्धारा तोकिएका अन्य कार्यहरु गर्ने,

## परिच्छेद - ३

## सम्पर्क विवरण र केन्द्रको आधारभूत कार्यविधि

६. **सम्पर्क विवरण:** (१) केन्द्रको सञ्चार सम्पर्क विवरण अनुसूची-२ बमोजिम हुनेछ ।

(२) केन्द्रसँग सम्वधित विवरण नियमित रुपमा अद्यावधिक गर्नुपर्नेछ ।

७. **केन्द्र क्रियाशील रहने अवस्था:** (१) केन्द्र हप्ताको सातै दिन चौबिसै घण्टा सञ्चालन हुनेछ ।

(२) केन्द्र देहायको अवस्थामा विशेष क्रियाशील रहनेछ :-

(क) गाउँपालिका/नगरपालिका क्षेत्रभित्र विपदको अवस्थामा जनधनको क्षति भएमा वा जनजीवन असामान्य भई सङ्कट उत्पन्न भएमा,

(ख) केन्द्र प्रमुखले गाउँपालिका/नगरपालिकाको विपद् व्यवस्थापन समितिको निर्देशन बमोजिम कार्य सञ्चालन गर्नु पर्ने भएमा ।

८. **केन्द्रको बैठक:**(१) केन्द्रको बैठक देहायबमोजिम बस्नेछ :-

(क) केन्द्रको बैठक सामान्यतः महिनाको एकपटक बस्नेछ ।

(ख) यसका अलावा आफ्नो क्षेत्रभित्र विपद्जन्य घटना भएको वा हुनसक्ने जानकारी प्राप्त हुनासाथ आवश्यक्ता बमोजिमजुनसुकै समय केन्द्रको बैठक बस्नसक्नेछ ।

(ग) केन्द्रले आफ्नो बैठकमा आवश्यक्ता बमोजिम कुनै बिषेशज्ञ वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(घ) बैठक केन्द्रको संयोजकको अध्यक्षतामा बस्नेछ र बैठकको माइन्यूट तथा निर्णयहरु आन्तरिक व्यवस्थापन हेर्ने कर्मचारीले प्रमाणित गरी राख्नेछ ।

(ङ) केन्द्रको वैठकसम्बन्धी व्यवस्था केन्द्रले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद - ४

## केन्द्रका आधारभूत कार्य

९. **केन्द्रका आधारभूत कार्यहरु गर्ने प्रक्रिया** :(१) केन्द्रले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहायको विषयमा देहाय बमोजिम हुने गरी गर्नेछः-

(क) **समन्वय तथा सहकार्य र अभिलेख सम्बन्धमाः (१)** विपदको समयमा केन्द्रले आफ्नो क्षेत्रको सूचना सङ्कलन गर्ने, विपद् व्यवस्थापन समितिको समन्वयमा स्थानीय तहमा कार्यरत सरकारी, गैरसरकारी निकाय, नागरिक समाज र व्यावसायिक क्षेत्रसँग विपद् प्रतिकार्य तथा शीघ्र पुनर्लाभका कार्यलाई प्रभावकारी बनाउन समन्वय र सहकार्य गर्ने ।

(२) विपद् प्रभावित क्षेत्रका सरोकारवालाहरुसँग सल्लाह र सुझाव लिएर तत्काल आवश्यक निर्णय गरी प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन समितिसमक्ष आवश्यक पर्ने सहयोग माग गर्ने ।

(३) विपद्का समयमा आफ्नो क्षेत्रमा तत्काल खोज तथा उद्धार र राहत व्यवस्थापनको लागि स्थानीय स्रोतको परिचालनको अभिलेख राख्ने ।

(४) विपद्सम्बन्धी सूचना सङ्कलन, क्षति विश्लेषण र अवस्था लेखाजोखाका लागि प्रतिवेदन तयार गर्ने ।

(ख) **पूर्वतयारी सम्बन्धमा** : (१) स्थानीय तहको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने ।

(२) कार्यक्षेत्रभित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका लागि कार्यशाला, परिदृश्य अभ्यास (Simulation) र नियमित अन्तर्क्रिया सञ्चालन तथा समन्वय गर्ने ।

(३) कार्यक्षेत्रमा सम्भावित विपद्को सामना गर्न खोज तथा उद्धारको क्षमता, राहत सामग्रीको भण्डारण तथा उपलब्ध हुने सम्भावित स्रोतको विवरण र फरक फरक विपद्बाट प्रभाव पर्न सक्ने जनसङ्ख्याको पूर्ण विवरण अध्यावधिक गरी राख्ने र गाउँपालिका/नगरपालिकालाई उपलब्ध गराउने ।

(४) आफ्नो कार्यक्षेत्रभित्र भएका विपद् पूर्वतयारी सम्बन्धी कार्यको अनुगमन गरी विपद्का समयमा प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभ गर्ने व्यवस्था भएको सुनिश्चित गर्ने । पूर्वतयारीका कार्यमा कमीकमजोरी देखिएमा त्यसमा सुधार गर्न विपद् व्यवस्थापन समितिसँग सल्लाह र सहयोग माग गर्ने ।

(५) आफ्नो कार्यक्षेत्रभित्र भएका नदीनाला तथा अन्य समयमा सुक्खा रही वर्षातको समयमा धेरै मात्रामा पानी हुने स्थानको साथ साथै आगलागी/भुकम्प जस्ता प्रकोप भएमा निश्चित क्षेत्रका लागि निश्चित ठाउँमा पानीको प्वाईन्ट (Hydrant)/जम्मा हुने सुरक्षित स्थान (Safe Place) पहिचान गर्ने ।

(ग) **पूर्वसूचनाको व्यवस्था सम्बन्धमा**: (१) पूर्वसूचना प्रवाह गर्न समुदाय तहको पूर्वसूचना प्रणालीको विकास गर्न गाउँपालिका/नगरपालिका, जिल्ला र स्थानीय संघ संस्थासँग समन्वय तथा सहकार्य गर्ने तथा यस्तो संरचनालाई प्रभावकारी बनाउन सम्पर्क बिन्दुको रूपमा काम गर्ने ।

(२) समुदायमा आधारित पूर्वसूचना प्रणालीहरूबाट प्राप्त सूचना गाउँपालिका/नगरपालिकाको समन्वयमा जिल्ला, प्रदेश र केन्द्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र समक्ष पुऱ्याउनुका साथै जिल्ला, प्रदेश र केन्द्रबाट जारी भएको पूर्वसूचना वा चेतावनीलाई तत्कालै आफ्नो कार्यक्षेत्रभित्र प्रवाह गरी आवश्यक परेमा बसोबास खाली

गराउन र समुदायका मानिसलाई सुरक्षित स्थानमा लैजान व्यवस्था मिलाउने । यसक्रममा देहायका कार्य गर्ने :-

(क) नगरप्रहरी र स्थानीय तहका स्वयंसेवक परिचालन गर्ने ।

(ख) स्थानीय तहमा क्रियाशिल अन्य सुरक्षा निकाय परिचालन गर्न गाउँपालिका/नगरपालिकामा अनुरोध गर्ने ।

(ग) समुदायमा रहेका महिला, गर्भवती, सुत्केरी वा शिशुलाई स्तनपान गराउने महिला, बालबालिका, किशोर/किशोरी, अपाङ्ग, वृद्धवृद्धा, बिरामीलाई सुरक्षित स्थानमा लैजान प्राथमिकता दिने ।

(घ) ठाउँ सारिएका मानिसलाई बस्न र खानको उचित व्यवस्था मिलाउन सम्बन्धित निकाय र क्षेत्रसँग समन्वय गर्ने ।

(घ) **<u>प्रतिकार्य व्यवस्थापन सम्बन्धमाः</u>** आफ्नो क्षेत्रभित्र विपद् परेमा मानवीय सहयोग उपलब्ध गराउने संस्था वा निकायलाई सुरक्षित बासस्थान; खाद्यान्न; खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन; लत्ताकपडा तथा गैरखाद्य सामग्री, शिक्षा तथा शैक्षिक सामग्री, संरक्षणजस्ता आधारभूत वस्तु तथा सेवा उपलब्ध गराउन गाउँपालिका/नगरपालिका समक्ष समन्वय गरी देहाय बमोजिम कार्य गर्नेः-

(१) समितिका सदस्यबीच आवश्यक छलफलका लागि सहजीकरण गर्ने ।

(२) कार्यक्षेत्रभित्र भएका राहत सामग्री र स्रोतको समीक्षा गरी नपुग स्रोत र साधनको व्यवस्थाका लागि गाउँपालिका/नगरपालिकामा अनुरोध गर्ने ।

(३) कार्यक्षेत्र र आसपासका व्यक्ति, स्वयंसेवक, संस्था र नागरिक समाजबाट प्राप्त हुने राहत सहयोग निश्चित व्यक्ति वा समुदायभित्र दोहोरो पर्न नदिन एकद्वार पद्धतिबाट वितरणको व्यवस्था मिलाउने रसमितिले गरेका निर्णय कार्यान्वयन गर्न समन्वय गर्ने ।

(ङ) **<u>सुरक्षा तथा संरक्षणसम्बन्धमाः</u>** आफ्नो कार्यक्षेत्र भित्र विपद्बाट प्रभावित समुदायको सुरक्षा तथा संरक्षणका लागि केन्द्रले देहाय बमोजिमको कार्य गर्नेछ :-

(१) प्रारम्भिक सुरक्षाका लागि गाउँपालिका/नगरपालिकासंग माग गरी नगर प्रहरी परिचालन गर्ने ।

(२) स्थानीय, जिल्लास्तरीय र आवश्यकता बमोजिम गाउँपालिका/नगरपालिका मार्फत अन्य सुरक्षा निकायमा तत्कालै खबर गर्ने र तत्काल खोजी तथा उद्धार कार्य सुरु गर्ने/गराउने ।

(३) विपद्बाट प्रभावित भएका महिला, गर्भवती, सुत्केरी वा शिशुलाई स्तनपान गराउने महिला, बालबालिका, अपाङ्ग, वृद्धवृद्धा, बिरामी, कुपोषित बालबालिका, मानसिक रूपमा विक्षिप्त व्यक्ति र यौनजन्य हिंसाबाट प्रभावित हुन सक्ने वर्गको संरक्षणको विशेष व्यवस्था गर्न समन्वय गर्ने ।

## परिच्छेद - ५

## केन्द्रको सूचना प्रणाली

१०. **विपद् व्यवस्थापन सूचना प्रणालीको प्रयोग** :(१) केन्द्रले विपद् प्रतिकार्य तथा पुनर्लाभका कार्यलाई पारदर्शी, जिम्मेवारयुक्त र प्रभावकारी बनाउन सूचना व्यवस्थापनका सन्दर्भमा देहायबमोजिमका कार्य गर्नेछ :-

(क) **सूचना तथा सञ्चार व्यवस्थापन सम्बन्धमा**: (१) केन्द्रले विपद्सम्बन्धी सूचना तोकिए बमोजिमको सूचना प्रणालीमा प्रवृष्ट गर्नु पर्नेछ । सूचनामा आउने विविधतालाई दृष्टिगत गरी पहिले प्रविष्ट गरिएका सूचनाको पुनःपरीक्षण गरी जिल्ला, प्रदेश र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ र आवश्यकता अनुसार सूचना माग गर्नु पर्नेछ । सूचना प्रवाहका लागि देहायका अभिलेख समावेश हुनेछन् :-

१. कार्यक्षेत्रभित्रको सङ्कटासन्नता, जोखिम र क्षमताको अभिलेख,

२. कार्यक्षेत्रमा रहेका जनसङ्ख्यामध्ये उच्च जोखिममा रहेको जनसङ्ख्याको विस्तृत

र पूर्ण अभिलेख,

३. कार्यक्षेत्रमा भएका महत्वपूर्ण पूर्वाधारहरू तथा विपद्का समयमा परिचालन हुने सेवाको अभिलेख,

४. आपतकालीन समयमा आवश्यक पर्ने बन्दोबस्ती तथा यातायातका वैकल्पिक मार्गहरूको अभिलेख,

५. प्रतिकार्यमा प्रयोग हुने मानव संसधान र भौतिक सामग्रीको सूची,

६. सञ्चार सुविधाहरूको उपलब्धता र विस्तृत विवरण,

७. विपद् सम्पर्क व्यक्तिहरुको सम्पर्क नम्बर ।

(ख) **सञ्चार संयन्त्र सम्बन्धमा**ः केन्द्रले आपतकालीन समयमा आफ्नो क्षेत्रको सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । गाउँपालिका/नगरपालिका तहको सूचना सङ्कलनको मुख्य स्रोत स्थानीय स्वयंसेवक, नगरप्रहरी, सुरक्षा निकाय, सञ्चारकर्मी र समुदाय हुनेछन् । यस सन्दर्भमा केन्द्रको सञ्चार सम्पर्कको संरचना अनुसुची- ३ बमोजिम हुनेछ ।

(ग) **रेडियो सञ्चार सम्पर्क सम्बन्धमा**ः केन्द्रको रेडियोसँग देहायका निकायको नियन्त्रण कक्षसँग सम्पर्क हुनेछ :-

१. जिल्ला, प्रदेश र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र,

२. नेपाली सेना,

३. नेपाल प्रहरी,

४. सशस्त्र प्रहरी बल,

५. अन्य गाउँपालिका/नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्र

(घ) **भीएचएफ रेडियो र एच्एफ रेडियो सम्बन्धमा:** केन्द्रले प्रयोग गर्ने भीएच्एफ रेडियो र एच्एफ रेडियो अनुसुची-४ बमोजिमको ढाँचाको हुनेछ ।

(ङ) **गलत सूचना नियन्त्रण सम्बन्धमा**ः केन्द्रले आफ्नो कार्यक्षेत्रमा भएका विपद्सम्बन्धी घटनाको सूचना तथा तथ्याङ्क गलत रूपमा प्रवाह हुन नदिन सूचना सम्प्रेषण प्रक्रियालाई नियन्त्रित र व्यवस्थित बनाउनु पर्छ । गलत सूचना सम्प्रेषण हुँदा प्रतिकूल प्रभाव पर्ने भएकाले विभिन्न निकाय वा ठाउँबाट प्राप्त सूचनाको परीक्षण गरेर मात्र सार्वजनिक गर्नु

पर्छ । कुनै क्षेत्रबाट गलत सूचना समप्रेषण भएको पाईएमा केन्द्रले यथार्थमा आधारित भएर तत्कालै खण्डन गरी सही सूचना प्रवाह गर्ने व्यवस्थालाई सशक्त बनाउनु पर्छ ।

(च) **<u>सूचना विश्लेषण सम्बन्धमा</u>** :केन्द्रले सूचना विश्लेषण गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

१. विपद् र त्यसबाट प्रभावित क्षेत्रमा सञ्चालन गरिने प्रतिकार्य सम्बन्धी कार्य विपद् व्यवस्थापन समितिबाट प्राप्त भएका निर्देशनको कार्यान्वयन र परिस्थिति विश्लेषणका लागि सूचनाको अभिलेख राख्ने,

२. प्राप्त सूचनाको प्रयोग प्राथमिकताका आधारमा गर्ने,

३. विपद्सम्बन्धी सूचनाको प्रवाह आवश्यक्ता बमोजिम अद्यावधिक गर्ने,

४. परिस्थिति प्रतिवेदन (Situation report) का माध्यमबाट सरोकारवालाहरूलाई अद्यावधिक सूचना उपलब्ध गराउने ।

(छ) **<u>सूचनाको प्राथमिकता क्रम सम्बन्धमा</u>** :केन्द्रले प्राप्त सूचनाको विश्लेषण र परीक्षण गर्नु पर्नेछ । त्यसरी परीक्षण गरिएका सूचनालाई अनुसुची-५ बमोजिमको प्राथमिकता क्रममा राखेर केन्द्रले प्रवाह गर्नेछ ।

(ज) **<u>सूचना अधिकृतको जिम्मेवारी सम्बन्धमा</u>** : सूचना अधिकृतको देहायका जिम्मेवारी हुनेछन् :-

(क) कार्यक्षेत्रबाट प्राप्त सूचनाको अध्ययन गरी प्राथमिकता निर्धारण गर्ने ।

(ख) हरेक सूचनाकुन प्रयोजनका लागि प्रयोग गरिएको हो सो खुलाउने ।

(ग) परिस्थिति विश्लेषण प्रतिवेदन आवश्यकताबमोजिम दैनिक वा साप्ताहिक वा मासिक रूपमा तयार गर्ने ।

- ऐतिहासिक प्रयोजनका लागि उपयुक्त हुने प्रकारले सूचनाको अभिलेख राख्ने ।
- प्रमुख प्रशासकिय अधिकृतवा केन्द्र प्रमुखको अनुमति लिएर सर्वसाधारणको लागि सूचना प्रवाह गर्ने ।

(झ) **<u>रात्रीकालीन सूचना व्यवस्थापन सम्बन्धमा</u>** :(१)) कार्यालय समय समाप्त भएपछि कार्यक्षेत्रबाट विपद्सम्बन्धी सूचना प्राप्त भएमा त्यस्तो सूचना प्रमुख प्रशासकिय अधिकृत, केन्द्र प्रमुख वा तोकिएको अधिकृतको मोवाइल, घरको फोन वा रेडियोसञ्चारमार्फत प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विपद्को प्रकृति हेरी केन्द्रको सञ्चालन एक जना अधिकृतको नेतृत्वमा अन्य कर्मचारीसहित २४ घण्टा नै सञ्चालनमा राख्नुपर्नेछ ।

(३) विपद्सम्बन्धी घटनाको विवरण प्राप्त हुनासाथ केन्द्रलाई क्रियाशील गराउने अधिकार तत्काल काममा रहेको अधिकृतसमक्ष रहनेछ । निजले केन्द्रलाई तत्काल क्रियाशील गराई परिस्थितिलाई नियन्त्रणमा लिन र आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा खटिएको अधिकृतले तत्कालै केन्द्रका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(ञ) **प्रतिवेदन सम्बन्धमा** :केन्द्रले कार्यक्षेत्रबाट प्राप्त विपद्सम्बन्धी सूचना, तथ्याङ्क, विपद्को अवस्था, प्रतिकार्य र पुनर्लाभका लागि भएका काम तथा विषयगत क्षेत्र र सरोकारवाला बीच भएका समन्वयका साथै स्रोत परिचालनजस्ता विषयलाई समेटेर प्रतिवेदन तयार पारी आवश्यकता बमोजिम नियमित रूपमा देहाय बमोजिमका निकायलाई उपलब्ध गराउनेछ :-

(क) जिल्ला, प्रदेश र केन्द्रीय विपद् व्यवस्थापन समिति,

(ख) सीमाना जोडिएकागाउँपालिका, नगरपालिका, जिल्ला, प्रदेश र केन्द्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र,

(ग) मानवीय सहयोगमा संलग्न संस्था तथा निकाय (सरोकारवाला मन्त्रालयको नीति निर्देशन तथा समन्वय संयन्त्र अनुसार) ।

(ट) **द्रूत क्षति लेखाजोखा** :विपद्को प्रभावकारी प्रतिकार्य र पुनर्लाभका लागि केन्द्रमार्फत् विभिन्न निकायले घटनाबाट भएको मानवीय क्षति, भौतिक तथा संरचनात्मक क्षतिको बारेमा द्रूत क्षति लेखाजोखा गर्नेछन् । यसका लागि केन्द्रले विपद् व्यवस्थापन समिति र सरोकारवाला निकायसँग समन्वय गरी सहयोग गर्ने वा विशेषज्ञको सहयोगमा आफैं पनि क्षतिको लेखाजोखा गर्न सक्नेछ । क्षतिको लेखाजोखा देहायका चरणमा गर्नु पर्नेछ :-

- **तत्काल द्रुत लेखाजोखा (IRA) :** ० देखि २४ घण्टासम्ममा गरिने । जसमा प्रभावित व्यक्तिको तत्कालीन आधारभूत आवश्यकता, जोखिममा परेका जनताको संरक्षणको सरोकार र उपलब्ध सेवाको बारेमा लेखाजोखा गरिन्छ । यस प्रयोजनका लागि अनुसूची (६) वमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

- **बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (MIRA)** :(७२ घण्टा देखि सात दिन भित्र) प्रारम्भिक द्रुत लेखाजोखा सकिनासाथ बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) गरिनेछ । यस प्रयोजनका लागि अनुसूची (७) वमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

**परिच्छेद - ६**

**कर्मचारी व्यवस्थापन**

**११. कर्मचारी व्यवस्थापनः** (१) केन्द्रमा कर्मचारीको व्यवस्था अनुसुची-८ बमोजिम हुनेछ ।

(२) केन्द्रमा कर्मचारी व्यवस्थापनको अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रमा कार्यरत कर्मचारीको कार्यसमयको तालिका दुरुस्त राख्नु पर्नेछ । केन्द्रका प्रमुखले कर्मचारीका कार्यसमय विस्तृत तालिका तयार गरी आन्तरिक सूचनापाटीमा टाँस गर्नु पर्नेछ, ।

(ख) कर्मचारीको कार्यसमय परिवर्तन गर्दा कम्तीमा पनि ३० मिनेटको समय खप्टिने व्यवस्था मिलाउनु पर्नेछ । पालो हस्तान्तरण गरिने कर्मचारीलाई हस्तान्तरण गर्ने कर्मचारीले आफ्नो समयमा भएका कार्य र बाँकी कार्यबारे पूर्ण जानकारी गराउनु पर्नेछ ।

**परिच्छेद - ७**

**अन्य व्यवस्थापन**

**१२. केन्द्र रहने स्थान र सुरक्षा व्यवस्थाः** केन्द्र गाउँपालिका/नगरपालिकाको कार्यालयको हाताभित्र वा अन्यत्र उपयुक्त स्थानमा रहनेछ । यसको सुरक्षा नगर प्रहरी वा गाउँपालिका/नगरपालिकाको कार्यालयले तोकेको सुरक्षा निकायले गर्नेछ ।

**१३. केन्द्रका स्रोत-सामग्रीहरू** (१)केन्द्रमा अनुसूची-९ बमोजिमका सामग्रीहरू रहने छन् । ती सामग्री विपद् प्रतिकार्यका लागि प्रयोग हुने गरी यथास्थानमा तयारी अवस्थामा रहनेछन् ।

(२) केन्द्रले प्रयोग गर्ने अभिलेख दर्ता किताब, लगबुक, सूचना विवरण फाराम, प्रतिवेदनको नमुना आदि राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रले स्वीकृत गरेको ढाँचा प्रतिकूल नहुने गरी गाउँपालिका/नगरपालिकाले स्विकृत गरेको ढाँचा अनुसार प्रयोग गर्नेछ ।

**१४. <u>आधारभूत कार्यसञ्चालन विधिको पुनरावलोकनः</u>** (१)प्रस्तुत कार्यसञ्चालनविधि विपद्पूर्व, आपतकालीन समयमा गर्नु पर्ने प्रतिकार्य तथा पुर्नलाभका कार्यलाई प्रभावकारी बनाउन र सोको लागि आवश्यक पर्ने पूर्वतयारी गर्न तयार गरिएको छ । यसलाई गाउँपालिका/नगरपालिकाको आवश्यकता बमोजिम समयसापेक्ष पुनरावलोकन गरी नियमित गर्न सक्नेछ ।

**अनुसूची १८:**

**स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि (नमूना)**

# ....... गाउँपालिका/नगरपालिका

# विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५

प्रमाणिकरण मितिः २०७५/ /

**प्रस्तावनाः**

.............. गाउँपालिका/नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

गाउँ/नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७... को दफा २७ ले दिएको अधिकार प्रयोग गरी ......... गाउँ/नगर कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले ....... गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७.... सम्झनुपर्छ ।[#]

(ख) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्छ ।

---

[#] प्रस्तुत कार्यविधि जारी गर्नुपूर्व गाउँपालिका तथा नगरपालिकाले आ-आफ्नो गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन जारी गर्नुपर्नेछ । सो ऐनको नमूना विधेयक नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस पूर्व नै उपलब्ध गराईसकेको छ।

(ख) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको समिति सम्झनुपर्छ ।

(छ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद – २
## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापना**: (१) स्थानीय स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गाउँ/नगर स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न गाउँपालिका/नगरपालिकामा एक **विपद् व्यवस्थापन कोष** रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिका/नगरपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा ५ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा ६ बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँनेछ ।

तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधिको दफा ६ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरि अभिलेख गरिनेछ ।

४. **कोषको उद्देश्य** : (१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्ने छः

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने ।

५. **कोषको आम्दानी** : (१) कोषमा ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछः

(क) गाउँपालिका/नगरपालिकाको वार्षिक बजेटमार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य स्थानीय तहबाट प्राप्त रकम,

(ग) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) गाउँ/नगरसभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

(ङ) गाउँ/नगर सभा सदस्य, गाउँ/नगर कार्यपालिका सदस्य तथा गाउँपालिका/नगरपालिकाका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(च) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा संघसंस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

(छ) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

(ज) दफा ६ को उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(झ) प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा गाउँपालिका/नगरपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ । त्यसरी नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनुपर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

६. **<u>वस्तुगत सहायता सामाग्री</u>**: (१) ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि कुनै व्यक्ति वा संस्थाबाट नगदबाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी

प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ ।

*स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्तहुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ । यदी त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ । सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि समितिले उचित ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ ।*

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा ३ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्नेछ।

(६) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री उपदफा (४) वा (५) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भर्पाई उपलब्ध गराउनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (४) वा (५) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

(७) यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीलाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ ।

७. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निर्णयबाट एक पटकमा बढीमा दश हजार रूपैयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम तथा सामाग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः

(क) विपद्बाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए बमोजिमको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिएबमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्धार तथा प्राथमिक उपचारकालागि स्वयम् सेवक तथा विशेषज्ञको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

(झ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न,

(ञ) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न,

(ट) खोज, उद्धार र राहतकोलागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

(ठ) स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

(ड) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

(ढ) विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(ण) विपद् पछिको पुनःनिर्माण गर्न,

(त) विपद् पुर्वतयारी, विपद् प्रतिकार्य, विपद् र विपद्पछिको पुनर्लाभ, विपद् जोखिम न्यूनिकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

(थ) समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्वन्धि अन्य काम गर्न, गराउन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन ।

(५) कोषमा मौज्दात रकम पाँच लाख रूपैया भन्दा घटि भएको अवस्थामा आपतकालिन कार्यबाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिनेछैन ।

८. **राहत सहायता वितरण**ः (१) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहर्याएबमोजिम हुनेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(६) विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

**९. कोष प्रयोग गर्न नपाईने**: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिएबमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभासम्मेलन सञ्चालन गर्न, गराउन,

(च) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्न, गराउन,

(ङ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन ।

## परिच्छेद — ३

## कोषको सञ्चालन, लेखा तथा लेखा परिक्षण

**१०. कोषको सञ्चालन : (१)** कोषको बैंक खाता सञ्चालन गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट एक पटकमा दुई हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

११. **<u>कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकरण</u>** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ/नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

१२. **<u>लेखा परिक्षण</u>** : (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिका/नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) गाउँ/नगर कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) गाउँ/नगर कार्यपालिकाको कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ।

## परिच्छेद –४
## <u>विविध</u>

१३. **<u>सशर्त सहायता</u>** : (१) विपद् व्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ ।

तर नेपाल सरकार, प्रादेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्रीलाई तोकिएको काममा मात्र उपयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए-नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक्ता अनुसार समितिले थप मापदण्ड/निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

१४. **<u>परामर्श लिन सक्ने</u>** : समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

१५. **<u>रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहने</u>** : (१) दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

तर दफा १३ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

***स्पष्टिकरणः*** *यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनःपुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ ।*

(३) कोषमा मौज्दात रकम पाँच लाख रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ ।

१६. **<u>सहयोगका लागि आह्वान गर्ने</u>** : (१) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा गाउँपालिका/नगरपालिकाले छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ।

१७. **<u>अभिलेख राख्ने</u>** : (१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

१८. **<u>अनुगमन</u>**ः (१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघसंगठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ ।

**१९. <u>निर्देशन दिन सक्ने</u>** : गाउँ/नगर सभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

***

## सन्दर्भ सामग्रीहरु


१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
२. विपद्जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५,
३. विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०
४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७
५. आरुघाट गाउँपालिका पार्श्वचित्र २०७५
६. स्थानीय सरकार सञ्चालन ऐन २०७४